

# स्थानीय तहको मिडिया नीति तथा कानुन




सङ्घीय सरकारले स्थानीय तहलाई पठाएको नमुना कानुन र प्रदेश ५ का स्थानीय तहहरूले जारी गरेका एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधिमाथि टिप्पणी र सुझाव

प्रदेश नं. ५ का स्थानीय तह
एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि
**टिप्पणी तथा सुझाव**

पुस, २०७६




# एफएम रेडियो
# (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि

**प्रकाशक**

सेन्टर फर मिडिया रिसर्च–नेपाल
काठमाडौं, ३२
पो. बक्स नं. : २४६२२
इमेल : cmrnepal@butmedia.org.np
वेब : www.research.butmedia.org
www.mediapolicy.org.np

पाल्पा विकास केन्द्र
तानसेन नगरपालिका–२
इमेल : palpakdc.dov@gmail.com
वेब : www.nitipatro.com

CC BY NC

## पृष्टभूमि

नेपाल सरकारले स्थानीय तहमा एफएम रेडियो व्यवस्थापन तथा सञ्चालनका लागि २०७४ भदौमा नमुना कार्यविधि[१] जारी गरेको थियो । यो नमुना कानुन जारी गर्नुको मुख्य उद्देश्य स्थानीय तहलाई कानुन निर्माणमा सहज होस् र सङ्घीय एवं प्रादेशिक कानुनसँग नबाझियोस् भन्ने हो । एफएम रेडियोसम्बन्धी कानुनको मूलभूत सारमा एकरूपता ल्याउनका लागि पनि यस किसिमको नमुना कानुन जारी गरिएको हो । एफएम रेडियोको नियमनको व्यवस्था नेपालको संविधान २०७२ को अनुसूची ८ को स्थानीय तहसम्बन्धी अधिकारको २२ वटा सूचीमध्ये बुँदा नं. ३ मा 'एफएम रेडियो सञ्चालन' को अधिकार तोकिएको छ ।[२]

यस्तै नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरणसम्बन्धी नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत प्रतिवेदनको परिच्छेद ४ अन्तर्गत बुँदा नम्बर ४.३ मा स्थानीय तहको अधिकार तथा कार्य विस्तृतीकरण गरिएको छ । त्यसमा पनि स्थानीय तहको एकल अधिकारको (अनुसूची ८) विस्तृतीकरण शीर्षकअन्तर्गत बुँदा नम्बर ३.२ मा एफएम सञ्चालनबारे व्याख्या गर्दै भनिएको छ- '१०० वाटसम्मका एफएम रेडियो सञ्चालन अनुमति नवीकरण र नियमन ।'[३] त्यस्तै ३.२ मा चाहिँ 'स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर र स्थानीय केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन' गर्ने पनि स्थानीय तहको अधिकारभित्रै तोकिएको छ । यस हिसावले कानुनतः १०० वाटसम्मको एफएम रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमनको जिम्मा स्थानीय तहको हो ।

नेपालको संविधान २०७२ को अनुसूची ५ को बुँदा नम्बर ८ मा दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँट, रेडियो, टेलिभिजन र हुलाक सङ्घको अधिकारको सूचीमा राखिएको छ ।[४] त्यस्तै सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरणसम्बन्धी नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत प्रतिवेदनको परिच्छेद ४ मा पनि दूरसञ्चार र प्रसारण फ्रिक्वेन्सी बाँडफाँट र मूल्य निर्धारण र नक्सान प्रयोगको अनुमति, नवीकरण र नियमन सङ्घीय सरकारको हुने उल्लेख छ । त्यसैअनुरूप एफएम रेडियोसम्बन्धी नमुना कानुनको दफा ७ मा फ्रिक्वेन्सी उपलब्ध हुने/नहुने सम्बन्धमा नेपाल सरकारको विषयगत मन्त्रालयमा लेखिपठाउनु पर्नेछ भनी उल्लेख गरिएको हो । यस हिसावले सङ्घीय सरकारसँग समन्वय गर्दै स्थानीय सरकारले १०० वाटसम्मको रेडियो सञ्चालनको अनुमति दिन कानुन जारी गरेको हो ।

---

[१] एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ । सङ्घीय सरकारले तयार पारेको यो दस्तावेजलाई नमुना कार्यविधि भने पनि यो आलेखमा उल्लेख गरिएको नमुना कानुन र नमुना ऐनले सोही कार्यविधिलाई जनाउँछ ।

[२] नेपालको संविधान । २०७२ ।

[३] नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरणसम्बन्धी नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत प्रतिवेदन ।

[४] नेपालको संविधान । २०७२ ।

त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफाको २ बमोजिम स्थानीय कानुन बनाउने अधिकार प्रयोग गरी विभिन्न स्थानीय तहको गाउँ सभा र नगर सभाबाट एफएम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि/ऐन पारित गरिएको हो ।[५] त्यसअघि सङ्घीय सरकारले यससम्बन्धी नमुना कानुन बनाइ स्थानीय तहसमक्ष पठाएको हो । एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ शीर्षकको नमुना कानुनमा २५ दफा र ९ अनुसूची छन् । यसका मुख्य प्रावधानमध्ये स्थानीय तहमा १०० वाटसम्म एफएम सञ्चालनका लागि इजाजतपत्र लिनुपर्ने, त्यसको नवीकरण, प्रसारणमा रोक लगाउन सक्ने, इजाजतपत्र रद्द गर्न सक्ने, अनुगमन समितिबाट अनुगमन गर्न सक्ने, पालन गर्नुपर्ने सर्तहरू, प्रसारण गर्न नहुने र दण्ड जरिवानाको व्यवस्था राखिएका छन् ।

यस आलेखमा सङ्घीय सरकारले स्थानीय तहका लागि बनाइदिएको एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ शीर्षकको नमुना कानुनमा भएका कमी/कमजोरी र सवल पक्षहरू केलाउँदै स्थानीय तहले जारी गरेका त्यससम्बन्धी कार्यविधि/ऐनलाई विश्लेषण गरिएको छ । साथै यी कानुनलाई नमुना कानुनसँग तुलना गर्दै के/कति हुबहुरूपमा नक्कल गरिएको छ र कतिमा भिन्नता कायम गरिएको छ भन्ने विषयको चर्चा पनि गरिएको छ । नमुना कानुनसँग तुलना गर्दा स्थानीय तहहरूले जारी गरेका कार्यविधिमा हुबहु बढी देखिएको छ । त्यसो त नमुना कानुनमा उल्लिखित कतिपय दफा संवैधानिक प्रावधानको विपरित भएकामा सबै स्थानीय तहले त्यसैलाई अनुशरण गरेका छन् । त्यस्तै नमुना कानुनमा रहेका अस्पष्टताहरूलाई पनि सबै स्थानीय तहले उसैगरी आत्मसात गरेका देखिन्छ । अर्कोतर्फ नमुना कानुनमा देखिएका भाषिकदेखि संरचनागत त्रुटिहरूलाई पनि अधिकांश स्थानीय तहले दोहोऱ्याएका देखिन्छ । तर स्थानीय तहले निर्माण गर्ने कार्यविधि/ऐनमा जुन हिसावले स्थानीय स्वरूप र त्यसका विविध पक्ष समावेश हुनुपर्ने हो, त्यसतर्फ भने कुनै पनि स्थानीय तहले ध्यान दिएको देखिएन ।

## अध्ययनको दायरा

**अध्ययनका क्रममा सङ्घीय सरकारले तयार पारेको** 'एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४' का साथै प्रदेश नम्बर ५ का १९ वटा स्थानीय तहले राजपत्रमा प्रकाशित गरेका एफएम रेडियोसम्बन्धी कार्यविधि ऐनको तुलनात्मक विश्लेषण गरिएको छ । प्रदेश ५ मा ४ वटा उपमहानगरपालिका, ३२ वटा नगरपालिका र ७३ वटा गाउँपालिका गरी जम्मा १०९ वटा स्थानीय तह छन् । अध्ययनमा नेपालगन्ज **उपमहानगरपालिकालाई समावेश** गरिएको छ भने रामग्राम (नवलपरासी), देवदह, तिलोत्तमा, सिद्धार्थनगर (रूपन्देही), मुसीकोट (गुल्मी), गुलरिया, बारबर्दिया (बर्दिया) र प्युठान (प्युठान) गरी

[५] स्थानीय सरकार सञ्चालन ऐन, २०७४

८ वटा **नगरपालिका समावेश** छन् । त्यस्तै **गाउँपालिका**तर्फ कञ्चन (रूपन्देही), यशोधरा (कपिलवस्तु), बगनासकाली (पाल्पा), धुर्कोट (गुल्मी), परिवर्तन, सुकिदह, सुनछहरी (रोल्पा), नौबहिनी (प्युठान), गढवा (दाङ) र बढैयाताल (बर्दिया) गरी १० वटाका कार्यविधि समावेश छन् । यस हिसावले अध्ययनमा नमुना कानुनसहित २० वटा कार्यविधि ऐनको विश्लेषण छ । अध्ययनले प्रदेश नम्बर ५ का स्थानीय तहले निर्माण गरेका एफएम रेडियो व्यवस्थापन तथा सञ्चालनसम्बन्धी कानुनको कमजोरी केलाउँदै सुधार गर्न सकिने अवस्था औल्याएको छ । साथै स्थानीय सरकारका लागि नमुना भनी सङ्घीय सरकारले तयार पारेको नमुना कानुनमा के/कस्ता कमी/कमजोरी छन् भन्ने विषय पनि अध्ययनमा विश्लेषण गरिएको छ ।

सङ्घीय सरकारले 'एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४' शीर्षकमा नमुना कानुन तयार पारी स्थानीय तहमा पठाएको हो । धेरैजसो स्थानीय तहले त्यही शीर्षकमा तयार गरेका छन् भने कतिपयले शीर्षक परिवर्तन गरी जारी गरेका छन् । नेपालगन्ज उपमहानगरपालिका, गुलरिया नगरपालिका, यशोधरा गाउँपालिका र परिवर्तन गाउँपालिकाले रेडियो तथा एफएम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ भनेका छन् । अन्य सबै स्थानीय तहले नमुना कानुनमै उल्लेख गरेझैँ 'एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४' भनेका छन् । त्यस्तै कार्यविधि कि ऐन भन्नेमा स्थानीय तहबीच फरकपन देखिएको छ । रूपन्देहीको तिलोत्तमा नगरपालिकाले एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि ऐन, २०७४ भनेको छ । रूपन्देहीकै कञ्चन गाउँपालिकाले गाउँ कार्यपालिकाको एफएम रेडियो (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७४ भने पनि यसले शीर्षकअघि कभरपेजमा 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कञ्चन गाउँपालिकाले बनाएको उल्लिखितबमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ' भनी उल्लेख गरेको छ । कपिलवस्तुको यशोधरा गाउँपालिकाले पनि 'ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको' उल्लेख गरेको छ । गुलरियाले चाहिँ कभरपेजमा राखेको यस्तो सूचनामा 'कार्यविधि/नियमावली/निर्देशिका' भनी उल्लेख गरेको छ । देवदह र रामग्रामले यस्तो सूचनामा कार्यविधि उल्लेख गरेको छ । त्यस्तै नेपालगन्ज उपमहानगरपालिकाले भने कभरपेजको यस्तो सूचनामा नियम भनी उल्लेख गरेको छ । अन्य स्थानीय तहले यस किसिमको सूचना नलेखी सिधै शीर्षक र त्यसपछि प्रस्तावना लेखेका छन् । कतिपयले २०७४ सालमा स्वीकृत गरी त्यसै वर्ष राजपत्रमा प्रकाशित गरेका छन् भने कतिपयले २०७४ मा स्वीकृत गरी २०७५ सालमा प्रकाशित गरेका देखिन्छ ।

तालिका १ : स्थानीय तह र कानुन बनाएको मिति

| क्र.सं. | स्थानीय तह | स्वीकृत मिति |
|---|---|---|
| १ | परिवर्तन गाउँपालिका | २०७४ /११ /२२ |
| २ | सुकीदह गाउँपालिका | उल्लेख नभएको |
| ३ | सुनछहारी गाउँपालिका | २०७४/०४/२९ |
| ४ | नौबहिनी गाउँपालिका | उल्लेख नभएको |
| ५ | बगनासकाली गाउँपालिका | २०७४/०४/१९ |
| ६ | कञ्चन गाउँपालिका | स्वीकृत : २०७४ फागुन २३ गते<br>प्रकाशित : २०७४ चैत ७ गते |
| ७ | धुर्कोट गाउँपालिका | २०७४/०९/०७ |
| ८ | गढवा गाउँपालिका | उल्लेख नभएको |
| ९ | यशोधरा गाउँपालिका | उल्लेख नभएको |
| १० | बढैयाताल गाउँपालिका | २०७५/०४/०१ |
| ११ | गुलरिया नगरपालिका | स्वीकृत : २०७५/०२/०५<br>प्रकाशित : २०७५ साउन १ गते |
| १२ | मुसीकोट नगरपालिका | २०७४ चैत २५ |
| १३ | देवदह नगरपालिका | स्वीकृत : २०७४ मङ्सिर २९<br>प्रकाशित मिति : २०७५ वैशाख ३ |
| १४ | बारबर्दिया नगरपालिका | २०७४/११/१४ |
| १५ | रामग्राम नगरपालिका | प्रकाशित : २०७५/०१/१५ |
| १६ | तिलोत्तमा नगरपालिका | प्रकाशित : २०७४ माघ २७ |
| १७ | सिद्धार्थनगर नगरपालिका | प्रकाशित : २०७५ वैशाख १२ |
| १८ | प्युठान नगरपालिका | २०७४ फागुन १६ |
| १९ | नेपालगन्ज<br>उपमहानगरपालिका | स्वीकृत : २०७४/०८/०३<br>प्रकाशित : २०७५ साउन ८ |

## मूलभूत समस्या

नमुना कानुनमा उल्लिखित कतिपय विषय संविधानको प्रावधानविरूद्ध भएको देखिन्छ भने भाषागत त्रुटि र स्पष्टताको अभाव यसका मुख्य समस्या हुन् । स्थानीय तहले यसलाई आधार बनाएर आफनो परिवेशअनुसार निर्माण एवं परिमार्जन गर्नुपर्ने हो । तर अधिकांश स्थानीय तहले नमुना कानुनलाई हुबहु अनुशरण गरेका कारण त्यहाँ रहेका समस्या स्थानीय तहले पास गरेका कानुनमा पनि देखिएको छ ।

### संविधान विपरितका प्रावधान

नमुना कानुनको दफा १० मा प्रसारणमा रोक लगाउन सकिने शीर्षकअन्तर्गत २ अवस्थामा रेडियोको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सकिने व्यवस्था गरिएको छ । दफा १० मा भनिएको छ–

> 'गाउँपालिका/नगरपालिकाले कुनै एफएम रेडियो प्रसारणस्थलको निरीक्षण गर्दा वा त्यस्तो एफएम रेडियोको कुनै प्रसारण सम्बन्धमा परेको उजुरीको छानबिन गर्दा देहायबमोजिम भएको देखिएमा बढीमा ३ महिनाका लागि त्यस्तो एफएम रेडियोको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सक्नेछ : (क) निरीक्षण तथा छानबिन गर्दा सर्तबमोजिम कार्यक्रम प्रसारण नगरेको र त्यसरी मौका दिंदा पनि सर्तबमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानबिनबाट देखिएमा, (ख) समितिले कसैले कार्यविधिबमोजिम इजाजतपत्र नलिइ अनधिकृतरूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफएम रेडियो तत्काल बन्द गर्ने शब्द हटाउन सुझाव प्राप्त निर्देशन गर्न सक्नेछ । तर बन्द गर्नुअगाडि सफाइको मौका दिनुपर्नेछ ।'

माथि (क) मा उल्लेख गरिएझैं सर्तबमोजिम कार्यक्रम प्रसारण नगरेको र त्यसरी मौका दिंदा पनि सर्तबमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानबिनबाट देखिएमा एफएम रेडियो प्रसारणमा रोक लगाउने कुरा गलत छ । कुनै गलत कुरा प्रसारण गरेमा जरिवाना गर्न सक्छ, सुविधा रोक्न सक्छ तर प्रसारण रोक्न सक्दैन । प्रसारण रोक्ने कार्य संविधान विपरित हो ।

नमुना कानुनमा उल्लिखित यो प्रावधान सबै स्थानीय तहले आफ्नो कार्यविधि/ऐनमा हुबहु राखेका छन् तर यो प्रावधान संविधान विपरित हो । सिद्धार्थनगर नगरपालिकाले चाहिँ (क) र (ख) दुवै प्रावधानमा भाषा परिवर्तन गरेको छ । तैपनि इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको रोक लगाउने कुरा आफैँमा प्रष्ट छैन । कार्यक्रम सञ्चालनका लागि नभएर रेडियो सञ्चालनका लागि इजाजतपत्र लिनुपर्ने हो ।

त्यस्तै दफा १० (ख) मा 'कार्यविधिबमोजिम इजाजतपत्र नलिइ अनधिकृतरूपमा कुनै

कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफएम रेडियो तत्काल बन्द गर्ने शब्द हटाउन सुझाव प्राप्त निर्देशन गर्न सक्नेछ । तर बन्द गर्नुअगाडि सफाइको मौका दिनुपर्नेछ' भनी उल्लेख गरिएको प्रावधान अस्पष्ट छ । इजाजतपत्र नलिइ अनधिकृतरूपमा कार्यक्रम नभएर रेडियो सञ्चालन गरेको अवस्थामा हुनुपर्ने हो र यसरी रेडियो सञ्चालन गरेको अवस्थामा कारबाही गर्न पनि सकिन्छ ।

फेरि कार्यक्रमलाई  इजाजतपत्र लिने भन्ने कुरा आउँदैन । रेडियोका लागि इजाजतपत्र लिनुपर्ने हो । फेरि इजाजतपत्र नै नलिएको वा दर्ता नै नगरी सञ्चालन गरेको रेडियोलाई सफाइको मौका दिने भन्ने विषय नै आउँदैन । त्यसैले पनि यो प्रावधान अस्पष्ट छ । जे होस्, दफा १० मा उल्लिखित यी दुवै प्रावधान प्रसारणमा रोक लगाउने हिसावले आएका छन् । यसरी प्रसारणमा रोक लगाउने विषय संविधान विपरित छ ।

नेपालको संविधान २०७२ धारा १९ को उपदफा (२) मा *कुनै श्रव्य, श्रव्य/दृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन भनी उल्लेख गरेको छ ।* संवैधानिक प्रावधानमा *बन्द, जफत वा दर्ता खारेज गर्न नपाइने* स्पष्ट उल्लेख भए पनि नमुना कानुनदेखि सबै स्थानीय तहले पारित गरेका एफएम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधिमा *'एफएम रेडियो तत्काल बन्द गर्ने'* भन्ने कुरा राख्नु संविधानको व्यवस्था विपरित देखिन्छ ।

नेपालको संविधान २०७२ ले धारा १९ मा सञ्चारको हकमा 'विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्य/दृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्वप्रतिबन्ध लगाइने छैन' भनी उल्लेख गरिएको छ । 'पूर्वप्रतिबन्ध' निषेध गरेको अवस्थामा नमुना कानुनमा एफएम रेडियोले कार्यक्रम प्रसारण गर्दा पालना गर्नुपर्ने भनी जे/जस्ता सर्त राखेका छन् त्यसलाई पूर्वप्रकाशन प्रतिबन्धका रूपमा लिन सकिन्छ ।

यस्तै नमुना कानुनको दफा १६ मा *प्रसारण गर्न नहुने* शीर्षकअन्तर्गतको उपदफा (ज) मा *संविधान तथा प्रचलित कानुनको सीमाभित्र रही... सभाले प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू* भन्ने प्रावधानले पनि प्रश्न चिह्न उठाएको छ । स्थानीय तहको *'... सभाले प्रसारण गर्न नहुने भनी तोकिदिएको'* भन्ने वाक्यांशले स्वतन्त्र प्रेसलाई कुण्ठित गर्न सक्ने देखिन्छ । उदाहरणका लागि स्थानीय तहको सभामा कुनै एक दलको बहुमत आएको अवस्थामा उसले आफ्नो पक्षमा मात्र समाचार सामग्री प्रसारणमा प्राथमिकता दिनुपर्ने निर्णय गरी यो प्रावधानको दुरूपयोग हुने खतरा छ । कानुन बनाउँदा यसतर्फ ध्यान नदिएको देखिन्छ । साथै यस किसिमको प्रावधान स्वतन्त्रता कुण्ठित गर्ने नियतबाट प्रेरित देखिन्छ ।

तर अध्ययनमा समावेश सबै स्थानीय तहले नमुना कानुनमा उल्लिखित यो प्रावधानलाई हुबहु राखेका छन् जसले गर्दा भविष्यमा यो प्रावधानको दुरूपयोग हुने खतरा त छ नै, साथै स्वतन्त्रता कुण्ठित हुन सक्ने संभावना पनि उत्तिकै छ । त्यसैले यो उपदफामा 'संविधान र कानुनले नै निषेध गरेका सामग्री' उल्लेख गर्नु उपयुक्त हुन्छ । यसका साथै यो दफा उल्लिखित प्रसारण गर्न नहुने भनी तोकिएका प्रावधानमध्ये कतिपय संविधानमा नै उल्लेख छ भने कतिपय आचारसंहिताले सम्बोधन गर्ने किसिमका छन् ।

यस्तै नमुना कानुनको दफा २१ को उपदफा २ मा *'निरीक्षण तथा छानबिन गर्दा सर्तबमोजिम कार्यक्रम प्रसारण नगरेको र मौका दिँदा पनि सर्तबमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानबिनबाट देखिएमा वा समितिले कसैले कार्यविधिबमोजिम इजाजतपत्र नलिइ अनधिकृतरूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफएम रेडियो तत्काल बन्द गर्न सक्नेछ । तर बन्द गर्नुअगाडि सफाइको मौका दिनुपर्नेछ' भनी उल्लेख छ । नमुना कानुनमा उल्लिखित यो विषय सबै स्थानीय तहले हुबहु नक्कल गरेका कारण स्थानीय तहका कार्यविधि समस्याग्रस्त देखिएका छन् ।* कार्यक्रमका लागि नभई रेडियो सञ्चालनका लागि इजाजत लिने हो । इजाजत नलिई रेडियो सञ्चालन गरेको अवस्थामा कारबाही गर्न पनि सकिन्छ तर कार्यक्रमलाई इजाजतपत्र लिने भन्ने कुरा आउँदैन । इजाजतपत्र नै नलिएको वा दर्ता नै नगरी अनधिकृतरूपमा सञ्चालन गरेको रेडियोलाई सफाइको मौका दिने भन्ने विषय आउँदैन । तर कार्यक्रम प्रसारण गरेकै आधारमा एफएम रेडियो बन्द गर्ने भनी कार्यविधि/ऐनमा उल्लिखित प्रावधान भने संविधानको धारा १९ विपरित देखिन्छ ।

यस्तै, एफएम रेडियोको इजाजतपत्र दिने अधिकार (दफा ७), त्यसको अनुगमन गर्ने (दफा १२) र दण्ड जरिवाना तोक्ने (दफा २२) सबै कार्य स्थानीय तह आफैँले गर्ने जुन प्रावधानहरू कार्यविधिमा राखिएको छ, त्यो शक्ति पृथकीकरण सिद्धान्तको विपरित हो, जो संविधानसँग सिधै बाझिन्छ । एफएम रेडियोमा प्रसारित समाग्रीबारे अनुगमन गर्न स्वतन्त्र निकाय हुन आवश्यक देखिन्छ । जस्तै- केन्द्रीय तहमा मिडिया काउन्सिलको व्यवस्था गर्न लागिएको छ जुन कानुन संसद्मा छ । अहिले प्रेस काउन्सिल छ । त्यसैले स्थानीय तहमा पनि यस्तै किसिमको स्वतन्त्र निकाय व्यवस्था गर्न जरूरी छ । तर यस किसिमको व्यवस्थाका विषयमा स्थानीय तहले निर्माण गरेका कानुनमा परिकल्पना गरिएको देखिन्न ।

त्यस्तै नमुना कानुनको दफा ११ मा इजाजतपत्र रद्द गर्न सकिने शीर्षकअन्तर्गत तोकिएको सर्त र समयावधिभित्र प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुने उल्लेख छ । नमुना कानुनको यो प्रावधानलाई सबै स्थानीय तहले हुबहु नक्कल गरेका छन् । यस हिसावले सबै स्थानीय तहको कानुनमा यो विषयमा अस्पष्टता देखिन्छ जसले भविष्यमा समस्या ल्याउने संभावना पनि उत्तिकै छ । पहिले नै सर्त तोक्ने कार्य जायज भए पनि पछि तोकिने सर्त कुनै हिसावले पनि स्वीकार्य हुन सक्दैन । बरू यस्तो सर्त तोक्ने कार्यले प्रेसका अधिकारमा अवरोध सिर्जना हुन सक्छ ।

## दण्ड/जरिवानामा भिन्नता

नमुना कानुनको दफा २२ को १ मा यस कानुन विपरित गर्नेलाई कार्यपालिकाले एफएम रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिसमा ..... रूपियाँसम्म जरिवाना गर्न सक्नेछ भनी उल्लेख छ । परिवर्तन, सुनछहारी, गढवा, गुलरियाले हुबहु खाली स्थान नै छाडेका छन् । कञ्चन र देवदहले १ हजार रूपियाँसम्म जरिवाना तोकेका छन् भने धुर्कोट र प्युठानले ५ हजार रूपियाँसम्म तोकेका छन् । सुकीदह, यशोधरा र सिद्धार्थनगरले यस्तो जरिवाना रकम १०/१० हजार रूपियाँसम्म तोकेका छन् । नेपालगन्ज उपमहानगरपालिकाले ५ हजारदेखि १० हजार रूपियाँसम्म जरिवाना गर्न सक्ने प्रावधान राखेको छ । रामग्रामले २० हजार राखेको छ भने बारबर्दियाले २५ हजार तोकेको छ । बगनासकाली र मुसीकोटले भने ५०/५० हजार रूपियाँसम्म जरिवाना तोकेका छन् । नौबहिनीले १ लाख रूपियाँसम्म जरिवाना तोकेको छ । तिलोत्तमा र बढैयातालले तोकिए बमोजिम जरिवाना गर्ने प्रावधान उल्लेख गर्दै अनुगमन समितिको स्वविवेकमा छाडिदिएका छन् । यसरी अनुगमन समितिको स्वविवेकमा छाडिदिने कार्य न्यायसंगत देखिदैंन ।

यसरी दण्ड जरिवानामा कतिपय स्थानीय तहले खाली नै राखेका छन् भने जो/जसले तोकेको छ, तिनीहरूबीच ठूलो भिन्नता देखिन्छ । कुनै स्थानीय तहले १ हजार रूपियाँ तोक्ने र कुनैले १ लाखसम्म तोक्नुले नै यो भिन्नता बुझ्न सकिन्छ । सबै स्थानीय तहको अन्य विषयवस्तुमा एकरूपता र हुबहु भए पनि दण्ड/जरिवानामा देखिएको भिन्नताचाहिँ आफैँमा अचम्मलाग्दो विषय हो । ठूलो परिमाणमा दण्ड/जरिवानाको व्यवस्था गरी रेडियोलाई नियन्त्रण गर्न खोजेको रूपमा पनि यसलाई लिन सकिन्छ । त्यति हुँदाहुँदै पनि फौजदारी नभई देवानी आचारसंहिताको परिधिमा रहेर रेडियो र यसमा आबद्ध पत्रकारलाई दण्ड/सजाय तोकिनुचाहिँ ऐन/कार्यविधिको सकारात्मक पक्ष हो ।

## स्पष्टता अभाव

कानुनी प्रावधानहरू स्पष्ट नभएको सन्दर्भमा विभिन्न कोणबाट व्याख्या हुने भएकाले लेखिएको दस्तावेज स्पष्ट हुनु आवश्यक देखिन्छ । नमुना कानुनमा पनि यस्ता अस्पष्ट विषय उल्लेख छन् । जस्तै- दफा १५ मा *एफएम रेडियोले पालना गर्नुपर्ने सर्तहरू* स्पष्ट छैनन् । नमुना कानुनको दफा १५ मा एफएम रेडियोले पालना गर्नुपर्ने सर्तहरू भनी ११ वटा बुँदा राखिएकामा कतिपय अस्पष्ट छन् भने कतिपय निर्देशनात्मक छन् । दफा १५ (घ) मा सेवा/सुविधा तोक्दा प्रचलित बजार दरभन्दा बढी लिन पाइने छैन भनी उल्लेख छ । एक त बजार दर भनेको के हो भन्ने कुरा प्रस्ट छैन भने अर्कोतर्फ बजार दर कसले तोक्ने भन्ने विषय पनि प्रस्ट छैन ।

त्यस्तै दफा १५ (ङ) मा उल्लिखित 'कार्यालय समयअघि र बिदाको दिनमा पनि सेवाग्राहीको आवश्यकताबमोजिम सेवा प्रवाह गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्नेछ भन्ने प्रावधान र दफा १५ (च) मा उल्लिखित 'कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित प्रसारण संस्था

वा व्यक्तिको सहमति लिनुपर्ने' प्रावधान पनि अस्पष्ट छ । त्यसैगरी १५ (ज) मा 'आपत्कालीन वा विपद्को समयमा ....कार्यपालिकाबाट निर्देशन भएमा सरकारी सूचनाहरू निःशुल्क प्रसारण गर्नुपर्ने' प्रावधान छ भने १५ (झ) मा 'युद्ध वा सङ्कटकालीन समय आइपरेमा... कार्यपालिकाले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्ने गरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्रै प्रसारण गर्नुपर्ने' उल्लेख छ । यी दुवै प्रावधानमा जे/जसरी निर्देशन भन्ने शब्द उल्लेख गरिएको छ, त्यो गलत छ । बरू दुवै प्रावधानमा कार्यपालिकाले अनुरोध गरेको अवस्थामा रेडियोहरूले उचित लागेमा प्रसारण गर्न सक्नेछन् भनी उल्लेख गरिनु उपयुक्त हुन्छ । सर्त राख्नुभन्दा पनि प्रोत्साहित गर्ने विषय कानुन/कार्यविधिमा राखी सकारात्मक सन्देश दिनु उपयुक्त हुन्छ । सबै स्थानीय तहले नमुना कानुनका यी सर्तलाई हुबहु नक्कल गरेकाले उनीहरूमा स्पष्टता ल्याउन जरूरी छ । सिद्धार्थनगर नगरपालिकाले चाहिँ दफा १५ को (ग) र (झ) मा भाषिक हिसाबले सामान्य परिवर्तन गरे पनि सार भने उस्तै छ ।

तालिका २ : नमुना कानुनमा उल्लिखित सर्तहरू

| विवरण | स्पष्टताको अभाव |
|---|---|
| क) एफएम रेडियोले प्रसारण गर्ने समाचार कुनै दलविशेषको नभई स्वतन्त्र, तटस्थरूपमा सत्य समाचारको रूपमा कार्यक्रम प्रशारण गर्नुर्नेछ । | स्वतन्त्र, तटस्थ र सत्य समाचारको निर्धारण कसले गर्ने ? यसलाई कसरी परिभाषित गर्ने ? |
| ख) लोक कल्याणकारी समाचार हरूको प्रशारणमा ध्यान दिनुपर्नेछ । | लोककल्याणकारी समाचार भनेको के हो ? यसको निर्धारण कसले गर्ने ? |
| घ) सेवा लिन इच्छुक सेवाग्राहीलाई बिनापूर्वाग्रह सेवा उपलब्ध गराउनुपर्नेछ । साथै सेवा/सुविधा तोक्दा प्रचलित बजार दरभन्दा बढी लिन पाइने छैन । | बजार दर भनेको के हो र यो बजार दर कसले तोक्ने भन्ने विषय प्रस्ट छैन । |
| च) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिको सहमति लिनुपर्ने । | अन्य कार्यक्रम उत्पादकको हकमा प्रसारण गर्नुअघि सहमति लिन सकिएला तर व्यक्तिको हकमा त्यो असम्भव छ । यसको व्याख्या आवश्यक छ । |

| | |
|---|---|
| ज) आपत्कालीन वा विपद्को समयमा... कार्यपालिकाबाट निर्देशन भएमा सरकारी सूचनाहरू निःशुल्क प्रसारण गर्नुपर्ने । | निर्देशन भन्ने शब्द उल्लेख गरिएको छ, त्यो गलत छ । बरू कार्यपालिकाले अनुरोध गरेको अवस्थामा रेडियोहरूले उचित लागेमा प्रसारण गर्न सक्नेछन् भनी उल्लेख गरिनु उपयुक्त हुन्छ । व्यापारिक उद्देश्यले सञ्चालन गरिएको मिडियालाई यस्तो निर्णय थोपर्न मिल्दैन, मिडियाले आफँ यस विषयमा निर्णय लिने हो । |
| झ) युद्ध वा सङ्कटकालीन समय आइपरेमा.... कार्यपालिकाले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्ने गरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नुपर्ने । | निर्देशन भन्ने शब्द उल्लेख गरिएको छ, त्यो गलत छ । कार्यपालिकाले अनुरोध गरेको अवस्थामा रेडियोहरूले उचित लागेमा प्रसारण गर्न सक्नेछन् भनी उल्लेख गरिनु उपयुक्त हुन्छ । सर्त राख्नुभन्दा पनि प्रोत्साहित गर्ने विषय कानुन/कार्यविधिमा राखी सकारात्मक सन्देश दिनु उपयुक्त हुन्छ । |

यसै दफाको १६ (छ) मा कुनै व्यक्तिको नाम किटान गरी कसैको मान, मर्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रीहरू प्रसारण गर्न नहुने भन्ने कुरामा पनि स्पष्टता आवश्यक छ । प्युठान नगरपालिकाले सामान्य भाषिक परिवर्तन गरेको छ भने अन्य सबै स्थानीय तहहरूले यो प्रावधानलाई हुबहु समावेश गरेकाले ती सबै कानुनहरू समस्याग्रस्त देखिन्छन् । मिडियाको काम नै भ्रष्टचारमा संलग्न व्यक्ति, अपराधमा संलग्न व्यक्ति वा अन्य असामाजिक कार्य गर्ने विषयमा जनमानसलाई जानकारी दिने हो । त्यस्तो कार्य गर्ने व्यक्तिबारे मिडियाले खोजी गरी सत्य र तथ्यपरक जानकारी दिने उसको नैसर्गिक अधिकार हो । तर मिडियाले दिएका ती समाचारले त्यस्ता व्यक्तिको मान, मर्यादा र प्रतिष्ठामा आघात पुग्छ भनी त्यस किसिमका समाचार पनि प्रसारण गर्न पाइन्न भनिएको देखिन्छ । यो प्रावधानले कुनै व्यक्तिले गरेको गलत क्रियाकलापको रिपोर्टिङ गर्ने कार्यलाई निरूत्साहित गर्न सक्छ ।

दफा ९ को उपदफा ३ (ग) मा प्रेस प्रतिनिधि प्रमाणपत्र रद्द गर्ने विषय उल्लेख छ । सबै स्थानीय तहले यो प्रावधानलाई हुबहु उल्लेख गरेका छन् । यो प्रावधानको मतलव स्थानीय सरकारले पनि प्रेस प्रतिनिधिपत्र जारी गर्ने देखिन्छ । यसरी तीनवटै सरकारले प्रेस प्रतिनिधि पास वितरण गर्दा एकापसमा तालमेल नहुने र यसले भविष्यमा जटिलता ल्याउने संभावना पनि उत्तिकै छ ।

## भाषागत त्रुटि र हुबहु नक्कल

नमुना कानुनमा भाषागत त्रुटि, क्रम सङ्ख्या नमिलेको, दफाअनुसार अनुसूचीमा उल्लेख नहुनु र एउटै प्रकृतिको दुईवटा दफा राख्नु अर्को समस्याका रूपमा देखिन्छ । नमुना कानुनमा रहेका यस्ता भाषिक त्रुटि स्थानीय तहले जारी गरेको ऐन र कार्यविधिमा हुबहु देखिन्छ । स्थानीय तहले जारी गरेको एफएम रेडियोसम्बन्धी कार्यविधिमा नमुना कानुनकै हुबहु राखिएको छ । यतिसम्म कि नमुना कानुनको दफा २ मा 'छ' पछि 'ज' हुनुपर्नेमा क्रमसङ्ख्या मिलेको छैन । स्थानीय तहले पनि त्यही गल्ती गरेका छन् । यतिसम्म कि मुसीकोट नगरपालिकाले नमुना कानुनमा झैँ उपदफा (ङ) मा नगरपालिका भन्नाले मुसीकोट नगरपालिका सम्झनुपर्छ भन्ने उल्लेख छ भने उपदफा (च) मा गाउँपालिका भन्नाले मुसीकोट गाउँपालिका सम्झनुपर्छ भन्नेसमेत उल्लेख गरेको छ । जबकि नमुना कानुन गाउँपालिका र नगरपालिका दुवैका लागि बनाइएकाले यी दुवै उपदफा राखिएको हो भन्ने हेक्कासमेत राखेको देखिएन ।

त्यस्तै गुलरिया नगरपालिकाको (ङ) पछि (च) हुनुपर्नेमा (छ) भएको छ । बीचमा (ज) र (ठ) पनि छैन । नमुना कानुनमा पनि (ज) र (ठ) छैन । झ, ञ र ट मा नमुना कानुनमा झैँ खाली स्थान राखिएको छ । आफ्नै स्थानीय तहको नामसमेत नलेखी नमुना कानुनकै हुबहु राखिएको देखिन्छ । कञ्चन गाउँपालिकाको घ पछि च र छ पछि झ भएको छ । क्रमसङ्ख्या मिलेको छैन । धुर्कोटको ङ पछि च हुनुपर्नेमा छ भएको छ । छ पछि ज हुनुपर्नेमा झ भएको छ । गढवाको ङ र च मा एउटै बुँदा दोहोरिएको छ अर्थात गाउँपालिकाको परिभाषा दोहोरिएको छ । परिवर्तन गाउँपालिकाको झ पछि ञ हुनुपर्नेमा क्रमसङ्ख्या मिलेको छैन । बढैयाताल गाउँपालिकाको पनि क्रमसङ्ख्या मिलेको छैन । सुकीदहको पनि दफा २ मा च पछि छ हुनुपर्नेमा ज भएको छ । सुनछहारी र बगनासकालीले पनि नमुना कानुनकै गल्ती दोहोऱ्याएका छन् । बारबर्दिया, रामग्राम, तिलोत्तमा नगरपालिका र नेपालगन्ज उपमहानगरपालिकाको पनि क्रमसंख्या मिलेको छैन । प्युठान, देवदह र सिद्धार्थनगर नगरपालिकाले मात्रै यो दफामा क्रमसंख्या मिलाएको देखिन्छ ।

**दफा ४ :** रोल्पाको परिवर्तन गाउँपालिकाले यतिसम्म हुबहु गरेको छ कि नमुना कानुनमा उल्लिखित गल्तीलाई पनि जस्ताको तस्तै राखेको छ । जस्तै- दफा ४ को उपदफा २ मा दफा २२ बमोजिम जरिवाना गरिनेछ भनी उल्लेख हुनुपर्नेमा नमुना कानुनमा दफा २१ भएकोमा त्यही गल्तीलाई परिवर्तन गाउँपालिकाले दोहोऱ्याएको छ जबकि दण्ड/जरिवानाको विषय नमुना कानुन र परिवर्तन गाउँपालिकाको कार्यविधि दुवैमा दफा २२ मा उल्लेख छ । सुकीदह, सुनछहारी, नौबहिनी, बगनासकाली, कञ्चन, धुर्कोट, गढवा, यशोधरा, बढैयाताल, गुलरिया, मुसीकोट, देवदह, प्युठान, सिद्धार्थनगर, तिलोत्तमा, रामग्राम र नेपालगन्ज सबै स्थानीय तहको कार्यविधिमा पनि यही समस्या छ । बारबर्दिया नगरपालिकाको हकमा भने दफामा उल्लेखित हुबहु भए पनि ठीक छ । किनकि यस नगरपालिकाले बनाएको कानुनमा

दफा १८ सँग दोहोरिन गएको दफा २० लाई हटाइएको छ । जसले गर्दा, दफा २२ मा रहेको दण्डजरिवानाको प्रावधान दफा २१ मा आएको छ ।

**दफा ५ :** कानुनमा गाउँपालिकाको नाम लेख्नुपर्नेमा नमुना कानुनमा झैँ सम्बन्धित स्थानयि तह, गाउँपालिका, गाउँ कार्यपालिका जस्ता शब्द नै राखिएका छन् । तर नमुना कानुनको दफा ५ मा सम्बन्धित स्थानीय तह भनी उल्लेख गरिएकामा स्थानीय तहहरूले आफ्नो स्थानीय तहको नाम लेख्नुको सट्टा यही शब्दावली राख्नुले कार्यविधि हुबहु नक्कल गरिएको प्रस्ट हुन्छ । त्यसो त कानुनको परिभाषा शीर्षकमा गाउँपालिका भन्नाले परिवर्तन गाउँपालिकालाई सम्झनुपर्छ भनी उल्लेख गरिएकाले नामको सट्टामा गाउँपालिका मात्रै उल्लेख गर्नुलाई पनि उचित ठानिएला तर गाउँपालिका र नगरपालिकाको नाम नै उल्लेख गर्नुपर्ने स्थानमा समेत सम्बन्धित तह लेख्दाचाहिँ अमिल्दो नै देखिएको छ ।

परिवर्तन, सुकीदह, सुनछहारी, नौबहिनी, बगनासकाली, कञ्चन धुर्कोट र गढवा गाउँपालिकाको कार्यविधिको दफा ५ को उपदफा १ मा सम्बन्धित स्थानीय तह नै भनी उल्लेख छ । गुलरिया, मुसीकोट, नेपालगन्ज, तिलोत्तमा र रामग्रामको समस्या पनि यही छ । यशोधरा गाउँपालिकाले त स्थानीय तह नभनी सम्बन्धित स्थानीय निकाय भनी उल्लेख गरेको छ जबकि मुलुक सङ्घीयतामा प्रवेश गरेसँगै तीन तहको सरकारको परिकल्पना गरी स्थानीय तह भन्न सुरू गरिएको हो । सङ्घीयता हुनभन्दाअघि भने स्थानीय निकाय भन्ने गरिन्थ्यो । देवदह र प्युठान नगरपालिकाले भने उपदफा १ र २ दुवैमा स्थानीय तहको सट्टामा आफ्नो नगरपालिकाको नाम लेखेका छन् । बारबर्दियाले उपदफा १ मा आफ्नो स्थानीय तहको नाम लेखे पनि उपदफा २ मा नगरपालिका शब्द मात्रै उल्लेख गरेको छ । सिद्धार्थनगरले उपदफा १ मा सम्बन्धित स्थानीय तहको सट्टा नगरपालिका शब्द थप गरेको छ भने उपदफा २ हटाइदिएको छ । बढैयाताल गाउँपालिकाले दुवै उपदफामा आफ्नो स्थानीय तहको नाम राखेको छ ।

**दफा ६ :** नमुना कानुनको दफा ६ उपदफा (ग) मा 'निवेदन दस्तुर... सभाले' भनी उल्लेख भएकामा परिवर्तन, सुकीदह गाउँपालिकाका साथै मुसीकोट नगरपालिकाले खाली स्थान हटाएर जस्ताको तस्तै राखेको छ । सुनछहारी, नौबहिनी, कञ्चन, धुर्कोट, गढवा, बढैयाताल र यशोधरा गाउँपालिकाले गाउँ शब्द थपेका छन् भने देवदह, नेपालगन्ज, प्युठान, सिद्धार्थनगर, तिलोत्तमा, रामग्राम र बारबर्दियाले नगर शब्द थप गरेका छन् । बगनासकालीले 'निवेदन दस्तुर १००० (सभाले तोकेअनुरूपको रकम) बुझाएको नगदी रसिद' भनी उल्लेख गरेको छ । गुलरियाले नमुना कानुनमा झैँ खाली स्थान नै राखेको छ । दफा ६ को उपदफा घ मा नवीकरणका लागि अनुसूची ३ बमोजिम कागजातहरू अनिवार्य समावेश गर्नुपर्ने हुनुपर्नेमा नमुना कानुनमा अनुसूची २ भएको छ । नमुना कानुनको यो गल्ती अध्ययनमा समावेश गरिएको बारबर्दिया बाहेक सबै स्थानीय तहको कानुनमा हुबहु दोहोरिएको छ । बारबर्दियाले भने अनुसूची उल्लेख नगरी 'एफएम रेडियो दर्ता र नवीकरणको लागि आवश्यक कागजपत्रहरू अनिवार्य समावेश गर्नुपर्ने छ' भनी उल्लेख गरेको छ । बढैयातालको

कार्यविधिमा चाहिँ अनुसूची हेरफेर गरिएकाले (३) को सट्टा (७) हुनुपर्ने देखिन्छ । तर, उसले पनि अनुसूची (२) नै उल्लेख गरेको छ ।

**दफा ७ :** नमुना कानुनको दफा ७ को उपदफा ४ मा अनुसूची ५,६, ७ र ८ उल्लेख हुनुपर्नेमा अनुसूची ५ चाहिँ छुटेको छ । देवदह, बारबर्दिया नगरपालिकाबाहेक अन्य सबै स्थानीय तहले नमुना कानुनमा भएको यो गल्तीलाई हुबहु दोहोऱ्याएका छन् । देवदहले नमुना कानुनमा भएको गल्तीलाई सच्याउँदै अनुसूची ५ पनि उल्लेख गरेको छ । बारबर्दियाले भने अनुसूची नै हेरफेर गरी ३, ४, ५ र ६ को प्रावधान राखेको छ । र, त्यसैअनुसार अनुसूची पनि मिलाएको छ । बढैयाताललले पनि यसैगरी अनुसूची फेरबदल गरे पनि यो दफामा अनुसूची (३) उल्लेख गर्न चाहिँ छुटेको छ । यसका साथै दफा ७ मा इजाजतपत्र दिन सकिने भनी उपशीर्षकअन्तर्गत नमुना कानुनमा ५ वटा बुँदा भएकामा यशोधराले अर्को १ बुँदा थप गरी ६ वटा बनाएको छ । बुँदा नम्बर ६ मा चौकिल्लाका घर धनीको सहमतिपत्र भनी थप गरिएको हो ।

**दफा ८ :** नमुना कानुनको दफा ८ को उपदफा २ मा सभाको नाम उल्लेख गर्न खाली स्थान राखिएको छ । नौबहिनी र गुलरियाले नमुना कानुनमा झैँ खाली स्थान नै राखेका छन् । परिवर्तन, सुकीदह र मुसीकोटले खाली स्थान हटाइदिएर अन्य यथावत राखेका छन् । सुनछहारी, बगनासकाली, कञ्चन, गढवा र बढैयाताललले गाउँ शब्द मात्रै थप गरेका छन् भने देवदह, नेपालगन्ज, प्युठान, सिद्धार्थनगर, तिलोत्तमा, रामग्राम र बारबर्दियाले नगर शब्द थप गरेका छन् । यशोधराले यशोधरा गाउँ सभा भनी आफ्नो नाम राखेको छ । धुर्कोट गाउँपालिकाले दफा ८ को उपदफा २ मा उल्लिखित प्रावधानको भाषा परिवर्तन गर्दै लेखेको छ- 'इजाजतपत्र नवीकरण गराउन चाहने संस्था वा व्यक्तिले इजाजतपत्र बहाल रहेको मिति, बहाल रहने उल्लेख गर्नुपर्छ ।'

नमुना कानुनको दफा ८ उपदफा ३ मा उपदफा २ बमोजिम इजाजतपत्र नवीकरणका लागि कुनै निवेदन पर्न आएमा हुनुपर्नेमा दफा २ बमोजिम हुन गएको छ । नमुना कानुनमा भएको यो गल्ती सबै स्थानीय तहले हुबहु नक्कल गरेका छन् । बारबर्दिया र बढैयाताललले सामान्य भाषिक परिवर्तन गर्दै इजाजतपत्र अनुसूची (८) बमोजिम ढाँचामा नवीकरण गर्ने उल्लेख गरेको छ । त्यस्तै उपदफा ४ मा दफा ७ को उपदफा ५ बमोजिमको म्याद भुक्तान भएपछि हुनुपर्नेमा दफा २ भएको थियो । नमुना कानुनमा भएको यो गल्ती पनि सबै स्थानीय तहले हुबहु नक्कल गरेका छन् ।

यसका साथै उपदफा ३ मा २ स्थान र उपदफा ४ मा १ स्थानमा रहेको खाली ठाउँमा गाउँपालिकाको नाम उल्लेख गर्नुपर्नेमा परिवर्तन र सुकीदह गाउँपालिकाले खाली स्थानलाई हटाएर अन्य शब्दावली हुबहु राखिदिएका छन् । गुलरिया र मुसीकोटले नमुना कानुनमा झैँ तीनवटै स्थानमा खाली ठाउँ राखेका छन् । सुनछहारीले गाउँ थप गरेको छ । बढैयाताललले १ स्थानमा समिति र १ स्थानमा गाउँ शब्द थप गरेको छ । नौबहिनीले १ स्थानमा नाम नै थपेको छ भने अन्य २ स्थानमा गाउँ शब्द थप गरेको छ । बगनासकालीले १ स्थानमा 'यस

गाउँपालिका' भनी थप गरेको छ भने अन्य २ स्थानमा गाउँ शब्द थप गरेको छ । कञ्चन गाउँपालिकाले १ स्थानमा गाउँ कार्यपालिका र २ स्थानमा गाउँ सभा शब्द थप गरेको छ । गढवाले पनि गाउँ शब्द थप गरेको छ । नेपालगन्ज, प्युठान, सिद्धार्थनगर, तिलोत्तमा र बारबर्दियाले नगर शब्द थप गरेका छन् ।

यशोधराले ३ वटै स्थानमा यशोधरा उल्लेख गरेको छ । देवदहले नगर कार्यपालिका र २ स्थानमा नगर शब्द थप गरेको छ । नमुना कानुनमा उपदफा ४ पछि ५ हुनुपर्नेमा क्रमसङ्ख्या नमिली ७ हुन गएको थियो । सुकीदह, सुनछहारी, नौबहिनी, कञ्चन, गढवा, बढैयाताल, गुलरिया, मुसीकोट र देवदह, तिलोत्तमा, रामग्राम, प्युठान, बारबर्दिया र नेपालगन्जको कार्यविधिमा पनि यही समस्या देखिएको छ । उपदफा ५ मा नमुना कानुनमा सम्बन्धित स्थानीय तह उल्लेख छ । परिवर्तन, सुकीदह, सुनछहारी, नौबहिनी र कञ्चन गाउँपालिकाले पनि सम्बन्धित स्थानीय तह नै उल्लेख गरेका छन् । बढैयाताललले सम्बन्धित गाउँपालिका उल्लेख गरेको छ । यसैगरी धुर्कोट, गढवा, गुलरिया, रामग्राम, मुसीकोट र नेपालगन्जको समस्या पनि उस्तै छ । देवदह र बारबर्दियाले सम्बन्धित स्थानीय तह हटाइ नगर सभा राखेका छन् भने बगनासकाली र प्युठानले आफ्नो स्थानीय तहको नाम उल्लेख गरेका छन् । सिद्धार्थनगर र तिलोत्तमाले *सम्बन्धित स्थानीय तह* भन्ने शब्दावली हटाई 'नगर सभाले तोके बमोजिम' भन्ने मात्रै उल्लेख गरेका छन् ।

**दफा ९ :** दफा ९ को उपदफा १ मा गाउँ वा नगर सभा उल्लेख गर्नका लागि नमुना कानुनमा खाली स्थान राखिएकामा गुलरियाले पनि खाली स्थान नै राखिदिएको छ । सुकीदह, मुसीकोटले खाली स्थान मात्रै हटाइदिएका छन् । परिवर्तन, सुनछहारी, नौबहिनी, कञ्चन, धुर्कोट, गढवा र बढैयाताल गाउँपालिकाले गाउँ शब्द थप गरेका छन् भने देवदह, तिलोत्तमा र नेपालगन्जले नगर शब्द थप गरेका छन् । बगनासकाली, रामग्राम, प्युठान र बारबर्दियाले भने आफ्नो स्थानीय तहको नाम उल्लेख गरेका छन् । त्यस्तै यशोधरा गाउँपालिकाले एफएम रेडियो सञ्चालन गर्ने संस्था वा व्यक्तिले दर्ता/इजाजत शुल्क २० हजार रूपियाँ तिर्नुपर्ने व्यवस्था गरेको छ । यशोधरा गाउँपालिकाले एउटा छुट्टै उपदफा थप गरेको छ जसमा लेखिएको छ– एफएम रेडियो नवीकरण गर्ने संस्था वा व्यक्तिले नवीकरण शुल्क ५० हजार तिर्नुपर्नेछ ।

नमुना कानुनको दफा ९ को उपदफा ३ मा उपदफा २ बमोजिम हुनुपर्नेमा उपनियम भएको छ । यो गल्ती सबै स्थानीय तहको कार्यविधिमा देख्न सकिन्छ । नमुना कानुनको उपदफा ३ मा 'सम्बन्धमा... पालिकाले देहायबमोजिम गर्न सक्नेछ' भनी उल्लेख भएकामा परिवर्तन गाउँपालिकाले खाली स्थान हटाइ अरू जस्ताको तस्तै राखेको छ । यसो गर्दा पालिकामात्रै भएको छ । अझ गुलरियाले नमुना कानुनमा झैँ खाली स्थान नै राखिदिएको छ । सुकीदह, सुनछहारी, नौबहिनी, बगनासकाली, कञ्चन, गढवाले गाउँ शब्द थप गरेका छन् भने मुसीकोट, देवदह, तिलोत्तमा, रामग्राम, सिद्धार्थनगर, प्युठान र नेपालगन्जले नगर शब्द थपेका छन् । त्यस्तै धुर्कोटले भने आफ्नो स्थानीय तहको नाम नै उल्लेख गरेको छ ।

सिद्धार्थनगर नगरपालिकाले दफा ९(१) मा उल्लेखित शुल्कलाई 'व्यवसायी कर' र ९(२) उल्लेखित शुल्कलाई 'कर' भनी उल्लेख गरेको छ ।

**दफा १०** : नमुना कानुनको दफा १० को उपदफा (क) मा 'सर्तबमोजिम कार्यक्रम प्रसारण नगरेको' हुनुपर्नेमा 'कार्यक्रम प्रसारण गरेको' हुन गई गल्ती भएको छ । नमुना कानुनमा भएको यो गल्ती परिवर्तन, सुनछहारी, बगनासकाली, कञ्चन, धुर्कोट, गढवा, यशोधरा, बढैयाताल, गुलरिया, मुसीकोट, तिलोत्तमा, रामग्राम, प्युठान र नेपालगन्जले पनि हुबहु राख्दा गल्ती हुन गएको छ । सुकीदहकोमा 'कार्यक्रम प्रसारण गाउँको' भएको छ । सुकीदहको सवालमा 'गाउँको' २ स्थानमा आएको छ । नौबहिनीको पनि १ स्थानमा चाहिँ सुकीदहको जस्तो 'नगरेको' भन्ने शब्दको सटा 'गाउँको' शब्द आएको छ । यी दुवैले कुन मितिमा आफ्नो कार्यविधि स्वीकृत गरेको र प्रकाशित गरेको भन्नेसमेत उल्लेख गरेका छैनन् । देवदह, सिद्धार्थनगर र बारबर्दियाले भने नमुना कानुनमा भएको गल्ती सच्याउँदै 'सर्तबमोजिम कार्यक्रम प्रसारण नगरेको' भन्ने शब्दावली राखेका छन् । साथै, सिद्धार्थनगरले नमुना कानुनमा भन्दा केही भाषिक परिवर्तन समेत गरेको छ ।

**दफा १२** : नमुना कानुनको दफा १२ मा (ग) पछि (घ) हुनुपर्नेमा (ङ) भएको छ । परिवर्तन र सुकीदह गाउँपालिकाका साथै बारबर्दिया नगरपालिका र नेपालगन्ज उपमहानगरपालिकाले यो गल्ती सच्याए पनि सुनछहारी, नौबहिनी, बगनासकाली, कञ्चन, गढवा, बढैयाताल, गुलरिया, मुसीकोट, देवदह, सिद्धार्थनगर, तिलोत्तमा र रामग्रामले भने नमुना कानुनमा भएको गल्ती नै राखेका छन् । सिद्धार्थनगर नगरपालिकाले दफा १२(१) मा उपदफा (घ), (ङ) र (च) थप गरेको छ । जसअनुसार (घ) मा जिल्ला पत्रकार महासङ्घको सभापति वा निजले तोकेको १ जना सदस्य, (ङ) मा जिल्ला वा बार अध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना सदस्य, र (च) मा जिल्ला हुलाक कार्यालयको प्रमुख वा प्रतिनिधि रहने भन्ने उल्लेख गरेको छ । नमुना कानुनको दफा १३ र १४ मा उल्लेखित प्रावधान सबै स्थानीय तहहरूले हुबहु नक्कल गरेका छन् ।

**दफा १५** : दफा १५ मा तोकिएका सर्तहरूमध्ये उपदफा (ख) मा लोककल्याणकारी समाचारहरूको प्रसारणमा ध्यान दिनुपर्नेछ भनी उल्लेख गरिएको छ । सुकीदहले चाहिँ समाचारहरूको प्रसारणलाई प्राथमिकता दिनुपर्नेछ भनी फरक भाषा प्रयोग गरेको छ । त्यस्तै उपदफा (ग) मा समाचार प्रवाहमा देशको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता तथा वातावरणमा कुनै पनि किसिमले असर नपर्ने हिसावमा प्रसारण गर्नुपर्ने हुन्छ भनी उल्लेख गरिएको छ । सुकीदहले भाषा परिवर्तन गर्दै कुनै पनि किसिमको अवाञ्छनीय प्रभाव नपर्ने गरी गर्नुपर्नेछ भनी उल्लेख गरेको छ । नमुना कानुनको उपदफा (ज) र (झ) मा गाउँ कार्यपालिकाको नाम लेख्न खाली स्थान राखिएको छ । गुलरियाले नमुना कानुनमा झैँ खाली नै स्थान राखेको छ ।

परिवर्तनले यो खाली स्थान मात्रै हटाइदिएको छ । सुकीदह, सुनछहारी, नौबहिनी, कञ्चन र गढवाले गाउँ शब्द थप गरेका छन् । देवदह, सिद्धार्थनगर, तिलोत्तमा, रामग्राम,

प्युठान, बारबर्दिया र नेपालगन्जले भने नगर शब्द थप गरेका छन् । बगनासकाली, धुर्कोट, बढैयाताल र मुसीकोटले आफ्नो स्थानीय तहको नाम उल्लेख गरेका छन् । यशोधरा गाउँपालिकाले उपदफा (छ) मा राष्ट्रिय प्रसारण ऐन २०४९ लेख्नुपर्नेमा ऐनको सटटा कार्यविधि लेखिदिएको छ जुन गलत हो । त्यस्तै ट मा पनि प्रचलित ऐन हुनुपर्नेमा प्रचलित कार्यविधि लेखिदिएको छ । यो पनि गलत हो । ज र झ मा भने यशोधरा गाउँपालिका भनी आफ्नो स्थानीय तहको नाम लेखेको छ ।

**दफा १६ :** दफा १६ को उपदफा (ज) मा गाउँपालिका वा नगरपालिकाको सभाको नाम लेख्न खाली स्थान राखिएको छ । गुलरियाले नमुना कानुनमा झैँ खाली स्थान नै राखिदिएको छ । सुकीदह र मुसीकोटले खाली स्थान मात्रै हटाइदिएका छन् । परिवर्तन, सुनछहारी, बगनासकाली, कञ्चन, धुर्कोट, गढवा र बढैयाताललले गाउँ शब्द थप गरेका छन् भने देवदह, सिद्धार्थनगर, तिलोत्तमा, रामग्राम, प्युठान, बारबर्दिया र नेपालगन्जले नगर शब्द थप गरेका छन् । यशोधराले आफ्नो स्थानीय तहको नाम थप गरेको छ । नौबहिनीले गाउँ शब्द थप गर्नुका साथै 'तोकिदिएका अन्य सामग्रीहरू' को सटा 'तोकिदिएका विषयमा प्रसारण नगर्ने' शब्दावली थप गरी भाषा परिवर्तन गरेको छ ।

**दफा १७ :** नमुना कानुनको दफा १७ को उपदफा (१) मा इजाजतपत्र वा अनुमतिपत्र पाएपछि कति अवधिभित्र सञ्चालन गर्नुपर्ने भनी सम्बन्धित स्थानीय तहलाई नै अवधि तोक्ने गरी खाली स्थान राखिएको छ । नमुना कानुनमा झैँ परिवर्तन, सुनछहारी, गढवा गाउँपालिका र गुलरिया नगरपालिकाले खाली स्थान नै राखिदिएका छन् । कञ्चन, यशोधरा र देवदहले एक महिनाभित्र भनी अवधि तोकेका छन् भने सुकीदह, तिलोत्तमा, बारबर्दिया र नेपालगन्जले ३ महिनाभित्र भनी अवधि तोकेका छन् । नौबहिनी, बगनासकाली, धुर्कोट, बढैयाताल, मुसीकोट, सिद्धार्थनगर, रामग्राम र प्युठानले ६ महिनाभित्र अवधि तोकेका छन् ।

उपदफा २ मा उपनियम १ भनी उल्लेख गरिएको छ जबकि यो उपदफा हुनुपर्ने हो । नमुना कानुनमा उल्लिखित यो गल्ती सबै स्थानीय तहले आफनो कार्यविधिमा दोहोऱ्याएका छन् । त्यस्तै उपदफा २ मा नमुना कानुनमा सम्बन्धित स्थानीय तह समक्ष निवेदन दिनुपर्ने उल्लेख छ । आफ्नो स्थानीय तहको नाम लेख्नुपर्नेमा मुसीकोटले मात्रै लेखेको छ । त्यस्तै, देवदह, सिद्धार्थनगर, तिलोत्तमा, बारबर्दिया र नेपालगन्जले नगरपालिका समक्ष निवेदन दिनुपर्ने उल्लेख गरेका छन् । यस बाहेक अन्य स्थानीय तहले नमुना कानुनमा उल्लेखित 'सम्बन्धित तह' भन्ने भाषा हुबहु उल्लेख गरेका छन् ।

नमुना कानुनको उपदफा ३ मा 'निवेदनउपर आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिव देखेमा स्थानीय तहसमक्ष... महिनासम्मको अवधि थप गर्न सक्नेछ' भनी अवधिका लागि खाली स्थान राखिएको छ । परिवर्तन, सुनछहारी, गढवा र गुलरियाले नमुना कानुनमा झैँ खाली स्थान नै राखेका छन् । कञ्चन, यशोधरा, देवदह र नेपालगन्जले एक महिनाको अवधि तोकेका छन् भने बारबर्दियाले २ महिना तोकेको छ । सुकीदह, नौबहिनी,

बगनासकाली, धुर्कोट, बढैयाताल, मुसीकोट र तिलोत्तमाले ३ महिनाको अवधि तोकेका छन् । सिद्धार्थनगरले ६ महिना तोकेको छ भने मुसीकोट नगरपालिकाले स्थानीय तहसमक्षको सट्टा मुसीकोट नगर कार्यपालिकाले भन्ने शब्द पनि थप गरेको छ ।

**दफा १८ :** दफा १८ मा विवरण संशोधन गर्न सक्ने शीर्षकअन्तर्गत अनुसूची ९ हुनुपर्नेमा नमुना कानुनमा अनुसूची ५ भएको छ । बारबर्दिया बाहेक अन्य सबै स्थानीय तहले यो गल्ती गरेका छन् । त्यस्तै नमुना कानुनको दफा १८ को उपदफा (१) र (२) मा एक/एक स्थानमा सभा र कार्यपालिकाको नाम लेख्न खाली ठाउँ राखिएको छ । गुलरियाले नमुना कानुनमा झैँ खाली स्थान राखिदिएको छ । परिवर्तनले एक ठाउँमा गाउँ शब्द थपेको छ भने अन्य दुईवटा खाली स्थानमात्रै हटाइदिएको छ । सुकीदह, सुनछहारी, कञ्चन, नौबहिनी र गढवाले खाली स्थानमा गाउँ शब्द थपेका छन् । बगनासकाली, धुर्कोट र यशोधराले खाली स्थानमा आफ्नो स्थानीय तहको नाम उल्लेख गरेका छन् । मुसीकोटले भने अघिल्लोमा मुसीकोट नगर कार्यपालिका उल्लेख गरेको छ भने पछिल्लोमा नगर शब्द मात्रै थप गरेको छ । देवदह, सिद्धार्थनगर, तिलोत्तमा, बारबर्दिया, रामग्राम, प्युठान र नेपालगन्जले सबै खाली स्थानमा नगर शब्द थप गरेका छन् ।

**दफा १९ :** दफा १९ को उपदफा (२) मा इजाजतपत्रको प्रतिलिपिका लागि लिने दस्तुर रकम नतोकी खाली ठाउँ राखिएको छ । परिवर्तन, सुनछहारी, गढवा र गुलरियाले पनि नमुना कानुनमा झैँ खाली स्थान नै राखिदिएका छन्, दस्तुर तोकेका छैनन् । सुकीदह र बढैयाताललले चाहिँ गाउँपालिकाले तोकिएको दस्तुर लिइ प्रतिलिपि दिन सक्ने उल्लेख गरेको छ भने तिलोत्तमाले पनि नगरपालिकाले तोकेअनुसार लिने उल्लेख गरेको छ । नौबहिनीले चाहिँ 'आर्थिक ऐनमा भएबमोजिम' दस्तुर लिइ नक्कल दिनुपर्नेछ भन्ने व्यवस्था राखेको छ । मुसीकोटले १ सय रूपियाँ दस्तुर तोकेको छ भने कञ्चन र देवदहले १ सय ६० रूपियाँ दस्तुर तोकेका छन् । नेपालगन्जले ३ सय रूपियाँ तोकेको छ । त्यस्तै बगनासकाली, धुर्कोट र प्युठानले ५ सय रूपियाँ दस्तुर तोकेका छन् भने यशोधरा, सिद्धार्थनगर, बारबर्दियाले १ हजार रूपियाँ तोकेका छन् । रामग्रामले भने सबैभन्दा धेरै २ हजार रूपियाँ तोकेको छ ।

**दफा २० :** नमुना कानुनको दफा २० मा त्यसअघिको दफा १८ मा उल्लिखित विषयवस्तु दोहोरिएको छ । नमुना कानुनमा उल्लिखित यो गल्ती बारबर्दिया बाहेक अध्ययनमा समावेश गरिएका सबै स्थानीय तहको कार्यविधिमा समेत देखिन्छ ।

**दफा २१ :** सुकीदहको उपदफा १ र २ दुवैमा प्रसारण नगरेको हुनुपर्नेमा प्रसारण गाउँको हुन गई गल्ती भएको छ । नौबहिनीको पनि उपदफा १ मा नगरेको हुनुपर्नेमा 'गाउँको' हुन गएको छ ।

**दफा २३ :** दफा २२ हुनुपर्नेमा दफा २१ हुन गई गल्ती भएको छ । नमुना कानुनमा भएको यो गल्ती बारबर्दिया बाहेक सबै स्थानीय तहले नक्कल गरेका छन् ।

**दफा २४ :** यो दफामा 'गर्नुपर्ने' हुनुपर्नेमा 'गन गर्नु पर्ने' भएको छ । यही गल्ती

परिवर्तन, सुकीदह, सुनछहारी, बगनासकाली, कञ्चन, धुर्कोट, गढवा, यशोधरा, बढैयाताल, गुलरिया, मुसीकोट, रामग्राम, प्युठान र नेपालगन्जले गरेका छन् ।

**दफा २५ :** दफा २५ मा सभाको नाम लेख्ने स्थान खाली राखिएकामा गुलरियाले नमुना कानुनमा झैँ खाली स्थान नै राखेको छ । परिवर्तनले खाली स्थान मात्रै हटाइदिएको छ । सुकीदह, सुनछहारी, नौबहिनी, बगनासकाली, कञ्चन, धुर्कोट, गढवा, बढैयाताल र यशोधराले गाउँ शब्द थप गरेका छन् भने मुसीकोट, देवदह, तिलोत्तमा, बारबर्दिया, रामग्राम, प्युठान र नेपालगन्जले नगर शब्द थप गरेका छन् । सिद्धार्थनगरले भाषा परिवर्तन गरी 'यस कार्यविधिको व्याख्या नगर सभाले गर्न सक्नेछ' भनी उल्लेख गरेको छ । यशोधराले दफा २६ थप गरी लेखेको छ- यस गाउँ क्षेत्रभित्र पहिलाको एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधिअन्तर्गत भएका एफएम रेडियोसम्बन्धी कार्य यसै कार्यविधिअन्तर्गत भएको मानिनेछ ।

समग्रमा हेर्ने हो भने नमुना कानुनसँग तुलना गर्दा स्थानीय तहहरूले जारी गरेका कार्यविधिमा हुबहु बढी देखिएको छ । नमुना कानुनमा उल्लिखित संवैधानिक प्रावधान विपरितका दफादेखि अस्पष्ट रहेका विषयलाई सबै स्थानीय तहले हुबहु नक्कल गरेका छन् । अर्कोतर्फ नमुना कानुनमा देखिएका भाषिकदेखि संरचनागत त्रुटिहरूलाई पनि अधिकांश स्थानीय तहहरूले दोहोऱ्याएका देखिन्छ । तर स्थानीय तहले निर्माण गर्ने कार्यविधि/ऐनमा स्थानीय स्वरूप र त्यसका विविध पाटोहरू समावेश गर्नेतर्फ स्थानीय तहले चासो दिएका देखिँदैन ।

स्थानीय मिडिया हुनुको अर्थ स्थानीय तह वा गाउँपालिका वा नगरपालिका क्षेत्रमा बसोबास गर्ने स्थानीय जनमानसमा सञ्चार आवश्यकतालाई सम्बोधन गर्ने भन्ने बुझिन्छ । यस्तै स्थानीय तहमा रेडियो सञ्चालन र व्यवस्थापन गर्ने कानुनले स्थानीय तहका जनतालाई स्थानीय सञ्चार माध्यमले स्थानीय विषयवस्तुलाई केन्द्रमा राखेर त्यस क्षेत्रमा सूचना प्रवाह गर्ने भन्ने कुरा बुझिन्छ । विशेषगरी स्थानीय सामग्री पस्कनुको अर्थ 'स्थानीय हित' बाट प्रेरित भई स्थानीयत्व दर्शाउनु हो ।

नेपालको सन्दर्भमा स्थानीय मिडिया सञ्चालनबारे राष्ट्रिय आमसञ्चार नीति २०७३ ले 'प्रसारण माध्यमलाई प्रसारण पहुँच क्षेत्र, लगानी, भौतिक पूर्वाधार, जनशक्ति, उद्देश्यलगायतका विभिन्न आधारमा राष्ट्रिय, प्रादेशिक र स्थानीय प्रसारकका रूपमा वर्गीकरण गरी प्रसारण फ्रिक्वेन्सीहरूको न्यायोचित वितरण गरिनेछ । एफएम रेडियोमा कुनै पनि प्रसारण स्टेसनबाट प्रसारण भइसकेको कुनै पनि सामग्रीको २० प्रतिशत सामग्रीभन्दा बढी नेटवर्किङ माध्यमबाट वा अरू कुनै माध्यमबाट रिले प्रसारण वा छपाइ पुनः प्रसारण गर्न निरूत्साहन गरिनेछ' भनी उल्लेख गरेको छ । राष्ट्रिय नीतिका अनुसार ८० प्रतिशत स्थानीय सामग्री हुनुपर्ने देखिन्छ । हाल स्थानीय तहमा सञ्चालन भएका अधिकांश एफएम स्टेसनमा काठमाडौँबाट उत्पादन भई स्थानीय तहमा पुग्ने गरेको र नीतिमा उल्लेख भएअनुसार 'नेटवर्किङ माध्यमबाट वा अरू कुनै माध्यमबाट रिले प्रसारण' भइरहेको अवस्थामा स्थानीय तहले ल्याएको नयाँ कानुनले यस विषयलाई सम्बोधन गर्न सकेको छैन ।

## तालिका ३ : नमुना कानुन र स्थानीय तहले जारी गरेका एफएम रेडियोसम्बन्धी कानुनका प्रावधान

| दफा | नमुना कानुनको विद्यमान अवस्था | स्थानीय तहका कानुनको अवस्था | कैफियत |
|---|---|---|---|
| ४.२ | **इजाजतपत्र नलिइ प्रसारण गर्न नहुने :** (२) कसैले उपदफा (१) विपरित गरेमा दफा २१ बमोजिम जरिवाना गरिनेछ । | **हुबहु**<br>**उपमहानगरपालिका** : नेपालगन्ज<br>**नगरपालिका** : देवदह, मुसीकोट, सिद्धार्थनगर, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम<br>**गाउँपालिका** : बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन, बढैयाताल<br><br>**परिवर्तन** : बारबर्दिया नगरपालिका | दफा २२ मा जरिवनासम्बन्धि प्रावधान भएकाले ।<br><br>**परिवर्तन**<br>बारबर्दिया नगरपालिकाको हकमा भने दफामा उल्लेखत हुबहु भए पनि ठीक छ । यस नगरपालिकाले बनाएको कानुनमा दफा २० हटाइएको छ जसले गर्दा दफा २२ मा रहेको दण्ड/जरिवानाको प्रावधान २१ मा आएको हो । |
| ६. | **निवेदनसाथ संलग्न गर्नुपर्नेः**<br>घ. एफएम रेडियो दर्ता र नवीकरणका लागि आवश्यक कागजातहरू अनुसूची–१ र नवीकरणका लागि अनुसूची–२ बमोजिम कागजातहरू अनिवार्य समावेश गर्नुपर्नेछ । | **हुवहु**<br>**उपमहानगरपालिका** : नेपालगन्ज<br>**नगरपालिका** : देवदह, मुसीकोट, सिद्धार्थनगर, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम<br>**गाउँपालिका** : बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन<br><br>**परिवर्तन** : बारबर्दिया नगरपालिका, बढैयाताल गाउँपालिका | अनुसूची २ को सट्टा ३ हुनुपर्ने<br><br>**परिवर्तन**<br>बारबर्दिया नगरपालिकाको हकमा भने अनुसूची उल्लेख गरेको छैन । उसले एफएम रेडियो दर्ता र नवीकरणका लागि आवश्यक कागजातहरू अनिवार्य समावेश गर्नुपर्नेछ उल्लेख छ । बढैयातालको हकमा अनुसूची ७ हुनुपर्ने । |
| ७.४ | **इजाजतपत्र दिन सकिने :**<br>(४) रेडियो उपकरणहरू (एफएम ट्रान्समिटर, एसटिएल लिङ्क र बिबिसी रिसिभर) को इजाजतपत्र लिनका लागि अनुसूची-६, ७ र ८ बमोजिम कागजातहरू अनिवार्य समावेश गर्नुपर्नेछ । | **हुबहु**<br>**उपमहानगरपालिका** : नेपालगन्ज<br>**नगरपालिका** : मुसीकोट, सिद्धार्थनगर, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम<br>**गाउँपालिका** : बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन<br><br>**परिवर्तन**<br>देवदह, बारबर्दिया नगरपालिका, बढैयाताल गाउँपालिका | अनुसूची ५ थप्नुपर्ने<br><br>**परिवर्तन**<br>देवदह नगरपालिकाले ५ थपेको छ । बारबर्दिया नगरपालिकाले भने अनुसूचीमा नै हेरफेर गरेको छ । उसले अनुसूची ३,४,५,६ को प्रावधान राखेको छ । बढैयातालको हकमा अनुसूची ४,५,६ मा ३ थप्ने<br>यशोधरा गाउँपालिकाले यस दफाको उपदफा ६ थप गरेको छ । यसमा 'चौकिल्ला घर धनीको सहमतिपत्र' भन्ने थप गरिएको हो । |

| दफा | **नमुना** कानुनको विद्यमान अवस्था | स्थानीय तहका कानुनको अवस्था | कैफियत |
|---|---|---|---|
| ८.३<br><br><br><br><br><br><br><br>८.४.<br><br><br><br><br><br><br><br><br><br>८.७ | **इजाजतपत्रको अवधि र नवीकरण दस्तुर :** दफा (२) बमोजिम इजाजतपत्र नवीकरणका लागि कुनै निवेदन पर्न आएमा.... ले इजाजतपत्र दिँदा लाग्ने दस्तुरको.... सभाले तोकेबमोजिम शुल्क लिइ त्यस्तो इजाजतपत्र नवीकरण गरिदिन सक्नेछ ।<br><br>(४) दफा (२) बमोजिमको म्याद भुक्तान भएपछि १ वर्षभित्रसम्म इजाजतपत्र नवीकरण गर्न आएमा.... सभाले तोकेबमोजिम जरिवाना र विलम्ब दस्तुरसमेत लिइ इजाजतपत्र नवीकरण गरिदिन सक्नेछ । म्याद भुक्तान भएको १ वर्षभित्र पनि इजाजतपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ ।<br><br>(७) एफएम रेडियो दर्ता तथा नवीकरण शुल्क सम्बन्धित स्थानीय तहको नगर तथा गाउँ सभाले तोकेबमोजिम हुनेछ । | **हुवहु**<br>**उपमहानगरपालिका** : नेपालगन्ज<br>**नगरपालिका :** मुसीकोट, सिद्धार्थनगर, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम, बारबर्दिया<br>**गाउँपालिका :** बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन, बढैयाताल<br><br>**परिवर्तन**<br>सिद्धार्थनगर नगरपालिका, बढैयाताल गाउँपालिका | *उपदफा* बनाउनुपर्ने ।<br><br><br><br><br><br><br>४ पछि ५ हुने भएकाले<br><br>**परिवर्तन**<br>सिद्धार्थनगर नगरपालिकामा दफा ७ को उपदफा ५ परिवर्तन गरिएको छ ।<br><br>यस्तै सिद्धार्थनगर, यशोधरा, बगनासकाली, परिवर्तन र धुर्कोट गाउँपालिकाले दफा ७ लाई ५ मा परिवर्तन गरी क्रमसङ्ख्या भने मिलाएका छन् । बढैयातालमा अनुसूची ८ थप गरेको छ । |
| ९.३ | **दस्तुर तिर्नुपर्ने :**<br>(३) उपदफा (१) बमोजिम शुल्क नबुझाउने वा उपनियम (२) बमोजिम लेखापरीक्षणको प्रतिवेदन पेश नगर्ने संस्था वा व्यक्तिका सम्बन्धमा | **हुबहु**<br>**उपमहानगरपालिका :** नेपालगन्ज<br>**नगरपालिका :** मुसीकोट, सिद्धार्थनगर, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम, बारबर्दिया<br>**गाउँपालिका :** बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन, बढैयाताल<br>**परिवर्तन**<br>यशोधरा गाउँपालिका | उपनियमको सट्टा उपदफा २ बनाउनुपर्ने<br><br>**परिवर्तन**<br>सिद्धार्थनगर नगरपालिका दफा ९.१. मा शुल्कलाई 'व्यवसायी कर' थप गरिएको ।<br>९.२. शुल्कलाई 'कर' मा परिवतर्तन गरिएको ।<br><br>यशोधरा गाउँपालिकाले नमुना कानुनको दफा ९ मा रहेको ३ वटा उपदफाबाट ४ वटा बनाएको छ । यस गाउँपालिकाले इजाजत र नवीकरण शुल्क तोकेको छ तर उपदफा ३ हुनुपर्नेमा हुबहु सार्दा उपनियम २ भई गल्ती गरेको छ । |

| दफा | नमुना कानुनको विद्यमान अवस्था | स्थानीय तहका कानुनको अवस्था | कैफियत |
|---|---|---|---|
| १०. | **प्रसारणमा रोक लगाउन सकिने :**<br>गाउँपालिका/नगरपालिकाले कुनै एफएम रेडियो प्रसारणस्थलको निरीक्षण गर्दा वा त्यस्तो एफएम रेडियोको कुनै प्रसारण सम्बन्धमा परेको उजुरीको छानबिन गर्दा देहायबमोजिम भएको देखिएमा बढीमा ३ महिनाका लागि त्यस्तो एफएम रेडियोको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सक्नेछ :<br><br>(क) निरीक्षण तथा छानबिन गर्दा सर्तबमोजिम कार्यक्रम प्रसारण गरेको र त्यसरी मौका दिँदा पनि सर्तबमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानबिनबाट देखिएमा ।<br><br>(ख) समितिले कसैले कार्यविधिबमोजिम इजाजतपत्र नलिइ अनधिकृतरूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफएम रेडियो तत्काल बन्द गर्ने शब्द हटाउन सुझाव प्राप्त निर्देशन गर्न सक्नेछ । तर बन्द गर्नुअगाडि सफाइको मौका दिनुपर्नेछ । | **हुबहु**<br>**उपमहानगरपालिका :**<br>नेपालगन्ज<br>**नगरपालिका :**<br>मुसीकोट, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम<br>**गाउँपालिका :**<br>बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन, बढैयाताल<br><br>**परिवर्तन**<br>देवदह, बारबर्दिया, सिद्धार्थनगर, यशोधरा, | प्रसारण रोक्ने कार्य संविधान विपरित हो ।<br>इजाजतपत्र नलिइ अनधिकृतरूपमा कार्यक्रम नभएर रेडियो सञ्चालन गरेको अवस्थामा हुनुपर्ने हो र यसरी रेडियो सञ्चालन गरेको अवस्थामा कारबाही गर्न पनि सकिन्छ । फेरि कार्यक्रमलाई इजाजतपत्र लिने भन्ने कुरा आउँदैन, रेडियोका लागि इजाजतपत्र लिनुपर्ने हो । फेरि इजाजतपत्र नै नलिएको वा दर्ता नै नगरी सञ्चालन गरेको रेडियोलाई सफाइको मौका दिने भन्ने विषय नै आउँदैन । त्यसैले पनि यो प्रावधान अस्पष्ट छ । जे होस्, दफा १० मा उल्लिखित यी दुवै प्रावधान प्रसारणमा रोक लगाउने हिसावले आएका छन् । यसरी प्रसारणमा रोक लगाउने विषय संविधानविपरित कार्य हो ।<br><br>प्रसारण नगरेको हुनुपर्ने ।<br><br>**परिवर्तन**<br>सिद्धार्थनगर नगरपालिकाले भने दफा १० क र ख को भाषा परिवर्तन गरेको छ ।<br>क. निरीक्षण तथा छानबिन गर्दा सर्तबमोजिम कार्यक्रम प्रसारण नगरेको बेहोरा निरीक्षण तथा छानबिनबाट देखिन आएमा ।<br>ख. कसैले यस कार्यविधिबमोजिम इजाजतपत्र नलिइ अनधिकृतरूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा ।<br><br>यस्तै यशोधरा गाउँपालिकाले दफा १० मा उल्लिखित ३ महिनालाई एक महिनामा परिवर्तन गरेको छ । |

| दफा | नमुना कानुनको विद्यमान अवस्था | स्थानीय तहका कानुनको अवस्था | कैफियत |
|---|---|---|---|
| १२. | **एफएम रेडियो समन्वय तथा अनुगमन समिति :**<br>ङ) सम्बन्धित विषयगत शाखाको शाखा (विषयवस्तुको जानकारी भएको भए राम्रो) | **हुबहु**<br>**उपमहानगरपालिका :** नेपालगन्ज<br>**नगरपालिका :** देवदह, मुसीकोट गुलरिया, तिलोत्तमा, रामग्राम, बारबर्दिया<br>**गाउँपालिका :** बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन, बढैयाताल<br><br>**परिवर्तन :**<br>नेपालगन्ज उपमहानगरपालिका<br>सिद्धार्थनगर, प्युठान नगरपालिका | ग पछि घ हुनुपर्ने ।<br><br>**परिवर्तन**<br>नेपालगनज उपमहानगरपालिका, मुसीकोट नगरपालिका, सुकीदह, धुर्कोट गाउँपालिका, *विषयवस्तु जानकारी भएको भए राम्रो* हटाइएको ।<br><br>यस्तै,<br>सिद्धार्थनगर नगरपालिकाले भने दफा १० घ थप गरी सदस्य सङ्ख्या बढाएको छ, *प्रमुखले तोकेको सम्बन्धित विषयविज्ञ १ जना महिलासहित २ जना सदस्य*<br><br>यस्तै,<br>प्युठान नगरपालिकाले भने दफा १० घ, ङ, च थप गरेका छ जसमा<br>घ. जिल्ला पत्रकार महासङ्घको सभापति वा निजले तोकेको १ जना सदस्य<br>ङ जिल्ला वा बार अध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना सदस्य<br>च. जिल्ला हुलाक कार्यालयको प्रमुख वा प्रतिनिधि |
| १३. | **एफएम रेडियो समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार :**<br>घ) आवश्यक देखेको अन्य कार्यहरू गर्ने । | **हुबहु**<br>**उपमहानगरपालिका :** नेपालगन्ज<br>**नगरपालिका :** देवदह, मुसीकोट, सिद्धार्थनगर, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम, बारबर्दिया<br>**गाउँपालिका :** बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन, बढैयाताल | स्पष्टता आवश्यक |

| दफा | नमुना कानुनको विद्यमान अवस्था | स्थानीय तहका कानुनको अवस्था | कैफियत |
|---|---|---|---|
| १५ | **एफएम रेडियोले पालना गनुपर्ने सर्तहरू :**<br>क) एफएम रेडियोले प्रसारण गर्ने समाचार कुनै दलविशेषको नभई स्वतन्त्र, तटस्थरूपमा सत्य समाचारका रूपमा कार्यक्रम प्रसारण गर्नुपर्नेछ ।<br>ख) लोककल्याणकारी समाचारहरूको प्रसारणमा ध्यान दिनुपर्नेछ ।<br>ग) समाचार प्रवाहमा देशको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता तथा वातावरणमा कुनै पनि किसिमले असर नपर्ने हिसाबमा प्रसारण गर्नुपर्ने हुन्छ ।<br>घ) सेवा लिन इच्छुक सेवाग्राहीलाई बिनापूर्वाग्रह सेवा उपलब्ध गराउनुपर्नेछ । साथै सेवा/सुविधा तोक्दा प्रचलित बजार दरभन्दा बढी लिन पाइने छैन ।<br>ङ.) कार्यालय समय अघि/पछि र बिदाको दिनमा पनि सेवाग्राहीको आवश्यकताबमोजिम सेवा प्रवाह गर्ने व्यवस्था सुनिश्चत गर्नुपर्नेछ ।<br>च) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिको सहमति लिनुपर्ने ।<br>ज) आपत्कालीन वा विपद्को समयमा ..... कार्यपालिकाबाट निर्देशन भएमा सरकारी सूचनाहरू निःशुल्क प्रसारण गर्नुपर्ने ।<br>झ) युद्ध वा सङ्कटकालीन समय आइपरेमा .... कार्यपालिकाले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्नेगरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नुपर्ने । | **हुबहु**<br>**उपमहानगरपालिका :** नेपालगन्ज<br>**नगरपालिका :** बारबर्दिया, देवदह, मुसीकोट, सिद्धार्थनगर, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम<br>**गाउँपालिका :** बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन, बढैयाताल | यस दफामा *सर्तहरू* भनी ११ वटा बुँदा राखिएकामा कतिपय अस्पष्ट छन् भने कतिपय निर्देशनात्मक छन् । 'पूर्वप्रतिबन्ध' निषेध गरेको अवस्थामा नमुना कानुनमा एफएम रेडियोले कार्यक्रम प्रसारण गर्दा पालना गर्नुपर्ने भनी सर्तहरू राखेको छ । त्यसलाई पूर्वप्रकाशन प्रतिबन्धका रूपमा लिन सकिन्छ ।<br>दफा १५ को (घ) बजार दर भनेको के हो र यो कसले तोक्ने भन्ने विषय प्रस्ट छैन ।<br><br>दफा १५ को (ङ) (च) प्रावधानमा जे/जसरी निर्देशन भन्ने शब्द उल्लेख गरिएको छ, त्यो गलत छ । बरू दुवै प्रावधानमा कार्यपालिकाले अनुरोध गरेको अवस्थामा रेडियोहरूले उचित लागेमा प्रसारण गर्न सक्नेछन् भनी उल्लेख गरिनु उपयुक्त हुन्छ । सर्त राख्नुभन्दा पनि प्रोत्साहित गर्ने विषय कानुन/कार्यविधिमा राखी सकारात्मक सन्देश दिनु उपयुक्त हुन्छ । |

| दफा | नमुना कानुनको विद्यमान अवस्था | स्थानीय तहका कानुनको अवस्था | कैफियत |
|---|---|---|---|
| १६. | **प्रसारण गर्न नहुने**<br>छ) कुनै व्यक्तिको नाम किटान गरी कसैको मान, मर्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रीहरू ।<br>ज) संविधान तथा प्रचलित कानुनको सीमाभित्र रही.... सभाले प्रसारण गर्न नहुने भनी *तोकिदिएका* अन्य सामग्रीहरू । | **हुबहु**<br>**उपमहानगरपालिका :** नेपालगन्ज<br>**नगरपालिका :** बारबर्दिया, देवदह, मुसीकोट, सिद्धार्थनगर, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम<br>**गाउँपालिका :** बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन, बढैयाताल | स्वतन्त्र प्रेसलाई कुण्ठित गर्न सक्ने देखिन्छ ।<br>दफा १६ को (छ) र (ज) मा भनेअनुसार गर्न कति सम्भव छ, ध्यान दिनुपर्ने ।<br>सभाले *तोकिदिएको* व्याख्या आवश्यक देखिन्छ । अन्यथा, यो प्रावधानले स्वतन्त्र प्रेसलाई कुण्ठित गर्ने देखिन्छ । |
| १७. | **कार्यक्रम प्रसारण प्रारम्भ गर्नुपर्ने :**<br>(१) इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले इजाजतपत्र वा अनुमतिपत्र पाएको मितिले.... महिनाभित्र आफ्नो प्रसारण प्रारम्भ गर्नुपर्नेछ ।<br>(२) इजाजतपत्र प्राप्त कुनै व्यक्ति वा सङ्गठित संस्थाले उपनियम (१) बमोजिमको अवधिभित्र प्रसारण प्रारम्भ गर्न नसक्ने भएमा सोको आधार र कारणसमेत खुलाइ अवधि थपका लागि त्यस्तो अवधि भुक्तान हुनुअगावै सम्बन्धित स्थानीय तहसमक्ष निवेदन दिनुपर्नेछ ।<br>(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदनउपर आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिव देखेमा स्थानीय तहसमक्ष..... महिनासम्मको अवधि थप गर्न सक्नेछ । | **हुबहु**<br>**उपमहानगरपालिका :** नेपालगन्ज<br>**नगरपालिका :** बारबर्दिया, देवदह, मुसीकोट, सिद्धार्थनगर, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम<br>**गाउँपालिका :** बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन<br><br>**थप :**<br>नेपालगन्ज उपमहानगरपालिका, बारबर्दिया, देवदह, मुसीकोट, सिद्धार्थनगर, प्युठान, तिलोत्तमा, रामग्राम नगरपालिका, बढैयाताल गाउँपालिका | **थप गरेका**<br>नेपालगन्ज उपमहानगरपालिका, दफा १७.१ मा ३ महिना र दफा १७.३ मा १ महिना<br>बारबर्दिया नगरपालिकाले १७.१ मा ३ महिना र दफा १७.३ मा २ महिना ।<br>देवदह नगरपालिका, यशोधरा, कञ्चन गा.पा. १७.१ मा १ महिना र दफा १७.३ मा १ महिना ।<br>मुसीकोट, प्युठान नगरपालिका, बगनासकाली, धुर्कोट, नौबहिनी गा.पा. १७.१ मा ६ महिना र दफा १७.३ मा ३ महिना ।<br>सिद्धार्थनगर, रामग्राम नगरपालिकाले १७.१ मा ६ महिना र दफा १७.३ मा ६ महिना ।<br>सुकीदह गाउँपालिकाले १७.१ मा ३ महिना र दफा १७.३ मा ३ महिना ।<br>तिलोत्तमा नगरपालिकाले १७.१ मा ३ महिना र दफा १७.३ मा ३ महिना ।<br>बढैयाताल गाउँपालिको १७.१ मा ६ महिना र १७.३ मा ३ महिना । |

| दफा | नमुना कानुनको विद्यमान अवस्था | स्थानीय तहका कानुनको अवस्था | कैफियत |
|---|---|---|---|
| १८.१. | **विवरण संशोधन गर्न सक्ने :** (१) कसैले इजाजतपत्रमा उल्लिखित कुनै विवरण बदल्न चाहेमा.... सभाले तोकेबमोजिम दस्तुरसहित अनुसूची-५ बमोजिमको ढाँचामा.... कार्यपालिकासमक्ष निवेदन दिनुपर्नेछ । | **हुबहु**<br>**उपमहानगरपालिका :** नेपालगन्ज<br>**नगरपालिका :** देवदह, मुसीकोट, सिद्धार्थनगर, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम<br>**गाउँपालिका :** बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन, बढैयाताल<br><br>**परिवर्तन**<br>बारबर्दिया | विवरण संशोधनबारे अनुसूची ९ मा राखिएकाले । |
| १९ | **१९. इजाजतपत्रको प्रतिलिपि :** (२) कसैले उपदफा (१) बमोजिम प्रतिलिपि माग गरेमा गाउँपालिका/नगरपालिकाले..... रूपियाँ दस्तुर लिइ नक्कल दिनुपर्नेछ । | **हुबहु**<br>**उपमहानगरपालिका :** नेपालगन्ज<br>**नगरपालिका :** देवदह, मुसीकोट, सिद्धार्थनगर, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम<br>**गाउँपालिका :** बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन, बढैयाताल<br><br>**थप :**<br>नेपालगन्ज उपमहानगरपालिका, देवदह, बारबर्दिया, सिद्धार्थनगर, मुसीकोट, रामग्राम नगरपालिका बगनासकाली, यशोधरा, धुर्कोट, कञ्चन | **परिवर्तन**<br>प्रतिलिपि दस्तुर फरक छ । नेपालगन्ज उपमहानगरपालिकाले ३ सय, देवदह नगरपालिका र कञ्चन गा.पा.ले रू. १६०, सिद्धार्थनगर र बारबर्दिया नगरपालिका अनि यशोधरा गा.पा.ले रू. १०००, मुसीकोट रू. १००, प्युठान नगरपालिका, बगनासकाली र धुर्कोट गा.पा.ले रू. ५०० र रामग्रामले रू. २००० ।<br><br>यस्तै नौबहिनी गा.पा.ले आर्थिक ऐनबमोजिम शुल्क लिने जनाएको छ । |

| दफा | नमुना कानुनको विद्यमान अवस्था | स्थानीय तहका कानुनको अवस्था | कैफियत |
|---|---|---|---|
| २० | **विवरण बदल्न सक्ने :**<br>(१) कसैले इजाजतपत्रमा उल्लिखित कुनै विवरण बदल्न चाहेमा... सभाले तोकेबमोजिम दस्तुरसहित अनुसूची-३ बमोजिमको ढाँचामा... कार्यपालिकासमक्ष निवेदन दिनुपर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम विवरण बदल्न दिएको निवेदनको बेहोरा मुनासिब देखिएमा... कार्यपालिकाले निवेदनबमोजिमको विवरण बदल्न सक्नेछ । | **हुबहु**<br>**उपमहानगरपालिका :** नेपालगन्ज<br>**नगरपालिका :** देवदह, मुसीकोट, सिद्धार्थनगर, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम<br>**गाउँपालिका :** बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन, बढैयाताल<br><br>**परिवर्तन**<br>बारबर्दिया | विवरण संशोधन र बदल्ने प्रावधान एउटै भएकाले । यसलाई हटाउँदा उपयुक्त ।<br><br>बारबर्दिया नगरपालिकाले यो दफा हटाएको छ । यो दफा १८ सँग मेल खाएको हुँदा । |
| २१.२ | **नियमन गर्न सक्ने :**<br>(२) उपदफा (१) बमोजिम निरीक्षण तथा छानबिन गर्दा सर्तबमोजिम कार्यक्रम प्रसारण नगरेको र मौका दिँदा पनि सर्तबमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानबिनबाट देखिएमा वा समितिले कसैले कार्यविधिबमोजिम इजाजतपत्र नलिइ अनधिकृतरूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफएम रेडियो तत्काल बन्द गर्न सक्नेछ । तर बन्द गर्नुअगाडि सफाइको मौका दिनुपर्नेछ । | **हुबहु**<br>**उपमहानगरपालिका :** नेपालगन्ज<br>**नगरपालिका :** बारबर्दिया, देवदह, मुसीकोट, सिद्धार्थनगर, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम<br>**गाउँपालिका :** बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन, बढैयाताल<br><br>**परिवर्तन :**<br>बारबर्दिया | कार्यक्रमका लागि नभई रेडियो सञ्चालनका लागि इजाजत लिने हो । इजाजत नलिइ रेडियो सञ्चालन गरेको अवस्थामा कारबाही गर्न पनि सकिन्छ तर कार्यक्रमलाई इजाजतपत्र लिने भन्ने कुरा आउँदैन । इजाजतपत्र नै नलिएको वा दर्ता नै नगरी अनधिकृतरूपमा सञ्चालन गरेको रेडियोलाई सफाइको मौका दिने भन्ने विषय आउँदैन । तर कार्यक्रम प्रसारण गरेकै आधारमा एफएम रेडियो बन्द गर्ने भनी कार्यविधि/ऐनमा उल्लिखित प्रावधान भने संविधानको धारा १९ विपरित भएको देखिन्छ ।<br><br>**परिवर्तन**<br>बारबर्दिया नगरपालिकाले यो दफा २० मा राखेको छ । |

| दफा | नमुना कानुनको विद्यमान अवस्था | स्थानीय तहका कानुनको अवस्था | कैफियत |
|---|---|---|---|
| २२ | **दण्ड जरिवाना :**<br>(१) यस कानुन विपरित गर्नेलाई कार्यपालिकाले एफएम रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिसमा.... रूपियाँसम्म जरिवाना गर्न सक्नेछ । | **हुबहु**<br>**उपमहानगरपालिका :** नेपालगन्ज<br>**नगरपालिका :** बारबर्दिया, देवदह, मुसीकोट, सिद्धार्थनगर, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम<br>**गाउँपालिका :** बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन, बढैयाताल<br><br>**परिवर्तन :** बारबर्दिया<br><br>**थप :** नेपालगन्ज उपमहानगरपालिका, बारबर्दिया देवदह, मुसीकोट, सिद्धार्थनगर, प्युठान, तिलोत्तमा, बगनासकाली, सुकीदह, यशोधरा, धुर्कोट, कञ्चन, नौबहिनी | बारबर्दिया नगरपालिकाले यो दफा २१ मा राखेको छ ।<br><br>**थप**<br>**जरिवाना रकम फरक फरक**<br>- नेपालगन्ज उपमहानगरपालिका रू. ५००० देखि १०००० सम्म<br>- बारबर्दिया नगरपालिका रू.२५००० सम्म<br>- देवदह नगरपालिका रू. १००० सम्म<br>- मुसीकोट नगरपालिका रू. ५०००० सम्म<br>- सिद्धार्थनगर नगरपालिका रू. १०००० सम्म<br>- प्युठान नगरपालिका रू. ५००० सम्म<br>- तिलोत्तमा तोकिएबमोजिम<br>- रामग्राम नगरपालिका रू.२०००० सम्म<br>- बगनासकाली गा.पा. रू. ५०००० सम्म<br>- सुकीदह, यशोधरा गा.पा. रू. १०००० सम्म<br>- धुर्कोट गा.पा. रू. ५००० सम्म<br>- कञ्चन गा.पा. रू. १००० सम्म<br>- नौबहिनी गा.पा. रू. १ लाखसम्म |

| दफा | नमुना कानुनको विद्यमान अवस्था | स्थानीय तहका कानुनको अवस्था | कैफियत |
|---|---|---|---|
| २३ | **पुनरावेदन :** कार्यपालिकाले दफा २१ बमोजिम गरेको जरीवानाउपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको ३५ दिनभित्र न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ । | **हुबहु**<br>**उपमहानगरपालिका :** नेपालगन्ज<br>**नगरपालिका :** बारबर्दिया, देवदह, मुसीकोट, सिद्धार्थनगर, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम<br>**गाउँपालिका :** बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन, बढैयाताल<br><br>**परिवर्तन :** बारबर्दिया | दण्ड जरिवानाको प्रावधान दफा २२ मा राखिएको छ ।<br><br>**परिवर्तन**<br>बारबर्दियाको हकमा भने ठीक छ । |
| २४ र २५ | **अनूसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने :** कार्यविधिको व्याख्या तथा संशोधन | **हुबहु**<br>**उपमहानगरपालिका :** नेपालगन्ज<br>**नगरपालिका :** बारबर्दिया, देवदह, मुसीकोट, सिद्धार्थनगर, प्युठान, गुलरिया, तिलोत्तमा, रामग्राम<br>**गाउँपालिका :** बगनासकाली, नौबहिनी, कञ्चन, धुर्कोट, यशोधरा, गढवा, सुकीदह, सुनछहरी, परिवर्तन, बढैयाताल<br><br>**परिवर्तन :** बारबर्दिया | **परिवर्तन**<br>बारबर्दिया नगरपालिकाले भने दफा २५ मा<br>सामुदायिक एफएम सञ्चालन<br>१ बारबर्दिया नगरपालिका क्षेत्रभित्र १ पटकमात्र १ सामुदायिक एमएम रेडियो स्थापना गर्न नगरपालिकाले समुदायलाई उत्प्रेरित गर्न र स्थापना अनुदान दिन सक्नेछ ।<br>यस्तै दफा २६ मा कार्यविधिको व्याख्या तथा संशोधन नमुना कानुनअनुरूप राखिएको छ ।<br>तर यस नगरपालिकाले भने दफा २२ पछि दफा २४ राखेको छ अर्थात दफा २३ गायब छ । |

# सन्दर्भसामग्री


एफ एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ । नमुना कार्यविधि । नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौँ ।

परिवर्तन गाउँपालिका एफएम रेडियो (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७४ । परिवर्तन गाउँपालिका ।

सुकिदह गाउँपालिका एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ । सुकिदह गाउँपालिका ।

सुनछहारी गाउँपालिका एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ । सुनछहारी गाउँपालिका ।

एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ । नौबहिनी गाउँपालिका ।

एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ । बगनासकाली गाउँपालिका ।

गाउँ कार्यपालिकाको एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ । कञ्चन गाउँपालिका ।

एफ एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ । धुर्कोट गाउँपालिका ।

गढवा गाउँपालिका एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ । गढवा गाउँपालिका ।

एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ । यशोधरा गाउँपालिका ।

एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५ । बढैयाताल गाउँपालिका ।

गुलरिया नगरपालिकाको एफएम रेडियो सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ । गुलरिया नगरपालिका ।

मुसिकोट नगरपालिका एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ । मुसिकोट नगरपालिका ।

एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन)सम्बन्धी कार्यविधि, २०७४ । देवदह नगरपालिका ।

एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५ । रामग्राम नगरपालिका ।
एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ । प्युठान नगरपालिका ।
सिद्धार्थनगर नगरपालिका एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ । सिद्धार्थनगर नगरपालिका ।
नेपालगन्ज उपमहानगरपालिकाको रेडियो तथा एफएम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ । नेपालगन्ज उपमहानगरपालिका ।
एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि ऐन, २०७४ । तिलोत्तमा नगरपालिका ।
बारबर्दिया नगरपालिका एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ । बारबर्दिया नगरपालिका ।
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ।
नेपालको संविधान । २०७२ ।
नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लेखित सङ्घ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्यविस्तृतीकरण (नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७३/१०/१८ गते स्वीकृत) । २०७३ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौँ ।

*सेन्टर फर मिडिया रिसर्च-नेपाल* मिडियाका नीतिगत तथा व्यावहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो। सेन्टरले मिडियासम्बन्धी अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्छ। सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडियासम्बन्धी नीति तथा कानुनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिंदै आएको छ। मिडिया नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूका सहजता र नीति सम्बन्धमा मिडिया सरोकारवालाहरूको कार्यलाई एकीकृत गरी नेपालको मिडिया नीतिलाई समय सापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले *नेपालः मिडिया पोलिसी हब* साइट पनि सञ्चालन गर्दै आएको छ।

❖ ❖ ❖

२०६५ सालमा स्थापना भएको *पाल्पा विकास केन्द्र*ले स्थानीयस्तरमा मिडिया विकासका साथै नीतिगत बहस र संवादको काम गर्दै आएको छ। पछिल्लो समय यसले सञ्चालनमा ल्याएको *नीतिपात्रो* पोर्टलमा प्रदेश नं. ५ का स्थानीय सरकार र प्रदेश सरकारसँग सम्बन्धित सामग्रीहरू समेटिएका छन्। यो पोर्टलले विशेषगरी पत्रकारहरूलाई स्थानीय एवं प्रदेश सरकारले बनाउने नीतिदेखि बजेटलगायतका विषयमा खास मुद्दा र स्रोतको पहिचान गरी विस्तृत रूपमा समाचार तयार पार्न सहयोग पुर्‍याउनेछ। त्यस्तै, आम जनतालाई आफ्नो समुदायमा के-कस्ता नीतिगत काम भइरहेका छन् भन्ने विषयमा पनि यो पोर्टलले जानकारी दिनेछ।


**प्रकाशक**

सेन्टर फर मिडिया रिसर्च-नेपाल
काठमाडौं, ३२
पो. बक्स नं. : २४६२२
इमेल : cmrnepal@butmedia.org.np
वेब : www.research.butmedia.org
www.mediapolicy.org.np

पाल्पा विकास केन्द्र
तानसेन नगरपालिका-२
इमेल : palpakdc.dov@gmail.com
वेब : www.nitipatro.com